# माथागढी गाउँपालिका, पाल्पा




## आ.व.०७९/८० को वार्षिक प्रगति दर्पण

# माथागढी गाउँपालिका बुलेटिन प्रकाशन समिति

## सदस्यहरु

# सम्पादकीय

# अध्यक्षको कलम

दोस्रो स्थानीय तह सदस्य निर्वाचनबाट हामीहरु निर्वाचित भई आए लगत्तै नयाँ आ.व.को लागि नीति तथा कार्यक्रम एवं वार्षिक वजेट निर्माणको व्यस्तताले छोयो । व्यस्तताको बाबजुद पनि गत आ.व.को लागि निर्धारित गरिएका कार्यक्रमहरु कार्यान्वयनको सन्दर्भमा आवश्यक सरसल्लाह र विभिन्न क्षेत्रको मार्गदर्शन सहित यथासक्य बढी कार्यप्रगति हासिल गर्न हामीहरु लागि पर्‍यौ पनि । हामी भन्दा अघिल्ला जनप्रतिनिधि मण्डलले घोषणा गरेका बाँकी कार्यक्रमहरुलाई यथा समयमै सम्पादन गर्नको लागि जनप्रतिनिधि एवं समग्र कर्मचारीहरुको उत्साहलाई जारी राख्दै सन्तोषजनक प्रगति गर्न सफल भएको सुनाउन पाउँदा हामी हर्षित छौ । सम्पादित कार्यक्रमहरुलाई संक्षिप्त रुपमा पुस्तकीय प्रतिवेदनको रुपमा प्रकाशन गर्ने प्रयास गरेका छौ । यस क्रममा आ-आफ्नो क्षेत्रबाट मेहनत गर्ने सम्पूर्ण कर्मचारी साथीहरु र जनप्रतिनिधिहरु प्रति हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा अझै उल्लेखनीय कार्यको लागि सबै पक्षको साथ सहयोग र हौसला जारी रहनेछ भन्ने अपेक्षा गरेको छु ।

यम बहादुर चिदी
अध्यक्ष

# उपाध्यक्षको भनाई

माथागढी गाउँपालिकाले आफ्नो समसामयिक गतिविधिहरु समेटेर वार्षिक बुलेटिन प्रकाशन गर्ने जमर्को गरेको छ। यस बुलेटिनले पालिकाको समग्र अवस्थाको साथै लक्षित नीति कार्यक्रम र योजनाहरुको प्रगति प्रतिवेदन सहितको सम्पादित कार्यको झलक प्रस्तुत गरेको छ । दोस्रो स्थानीय तह सदस्य निर्वाचनबाट निर्वाचित हामी जनप्रतिनिधिले आफ्ना बाचा र प्रतिवद्धता अनुसारको कामको थालनीमा दोस्रो वर्षमा रहेका छौं । यस वीचमा जनताको चाहाना र आवश्यकता अनुसारका कामहरु हामीले गरिरहेका छौं भन्ने हामीलाइ लागेको छ । पालिकामा विभिन्न शाखा र समितिहरु मार्फत कार्यक्रम अगाडि बढाइरहेका छौं । ग्रामीण भेगबाट आएका योजना र कार्यक्रमलाइ हामीले पहिलो प्राथमिकता बनाएका छौं । पालिकाको विकासमा अझै यहाँहरुको उपयुक्त मार्ग दर्शन र सुझाव भएमा थप पालिकालाइ जनमैत्री र सुशासन केन्द्रीत बनाउने बाचा समेत गर्दछु । शिक्षा स्वास्थ्य यातायात पूर्वाधार र आर्थिक विकासको मुलभूत उद्देश्यपूर्तिमा पालिका लागि परेको छ । व्यस्तताको बाबजुद पनि गत आ.व.को लागि निर्धारित गरिएका कार्यक्रमहरु कार्यान्वयनको सन्दर्भमा आवश्यक सरसल्लाह र विभिन्न क्षेत्रको मार्गदर्शन सहित यथासक्य बढी कार्यप्रगति हासिल गर्न सफल भएका छौ भन्ने हामीलाई लागेको छ । हाम्रो नीति र कार्यक्रमहरुलाई यथासमयमै सम्पादन गर्नको लागि जनप्रतिनिधि एवं समग्र कर्मचारीहरुको उत्साहजनक सहयोग र सदभाव प्रति हामी कृतज्ञ छौं ।

गाउँपालिकाले आ.व.२०७९/०८० मा सम्पादित कार्यक्रमहरुलाई संक्षिप्त रुपमा पुस्तकीय प्रतिवेदनको रुपमा प्रकाशन गर्ने प्रयास गरेका छौं । यस पुस्तक तथा आगामी दिनमा समेत रचनात्मक सहयोग सल्लाह र सुझावको अपेक्षा सहित पालिकाको प्रगतिको कामना गर्दछु ।

विष्णुमाया लुङ्चे
उपाध्यक्ष

# दुई शब्द

गत वर्षमा जस्तै यस पटक पनि लगत्तैको अघिल्लो आ.व.मा गाउँपालिकावाट सम्पादित गतिविधिहरुलाई पुस्तकाकारमा समेट्दै प्रगति वुलेटिनको दोस्रो संस्करण प्रकाशन गर्न गइरहेका छौं। सबै सरोकारवालाहरुको साथ, सहयोग र सहकार्यवाट गत वर्ष जस्तै यस वर्ष समेत करीव ७५ प्रतिशत नै पुँजीगत खर्च गर्दै आ.व. ०७९/०८० लाई भर्खरै मात्र हामीले विदा गरेका छौं। आयोजनाहरुमा जग्गा प्राप्तिका जटिलता र अन्योलहरु, प्रशासन तथा प्राविधिकतर्फ थुप्रै कर्मचारीहरुको रिक्तता, भौगोलिकता एंव मौसमी/वेमौसमी वातावरणीय घटनाहरुवाट सिर्जित प्रतिकूलता लगायतका कैयन सीमितताका वावजुद सम्पादित कृयाकलापहरुको मूल्याङ्कन कुनै अङ्कमा भन्दा पनि त्यसको उपादेयता र दीगोपनाको रोहमा हेरिनुपर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं। तसर्थ सम्पादित कार्यक्रममा भएको खर्चको मितव्ययीता, प्रभावकारिता र पारदर्शिताका विषयहरु आम जनचासोका विषयवस्तु बन्न सक्नुपर्दछ र आयोजनाको सम्पन्नता पश्चात् आम उपभोक्तावाट उक्त आयोजनाप्रतिको अपनत्व महसुस हुनुपर्दछ भन्नेमा हाम्रो समग्र प्रयत्न रहेको निवेदन गर्दछु। यसै मान्यताअनुसार कार्य सम्पादनका क्रममा योजना तर्जुमाका चरण देखि कार्यावन्यन सम्म विभिन्न आवश्यकतामा समुचित प्रशासनिक तथा नीतिगत मार्गदर्शन, समन्वय एवं सहयोगको लागि गाउँपालिकाका अध्यक्षज्यू, उपाध्यक्षज्यू लगायत सम्पूर्ण जनप्रतिनिधिहरु एवं अहोरात्र खटिएर नतिजा निकाल्ने सम्पूर्ण मातहतका कर्मचारी प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु। गाउँपालिकाका योजना तथा कार्यक्रमहरुलाई विश्वास गरी सक्रिय सहभागिताका साथ कार्यान्वयन गर्ने सम्पूर्ण साझेदार उपभोक्ताहरु लगायत सम्पूर्ण गाउँपालिकावासी नागरिकहरु धन्यवादका पात्र हुनुहुन्छ। आगामी दिनमा पनि सवै पक्षवाट यस्तै उल्लेख्य साथ, सहयोग एवं निरन्तर सुझावको अपेक्षा राख्दछौं।

दिनेश ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

# १. आर्थिक विकास

## १.१ कृषि तथा खाद्य सुरक्षाः

**कृषि शाखा बाट आ.व. २०७९/८० मा सम्पादित कार्य विवरण**

क) संघीय सरकारबाट हस्तान्तरित खाधान्न बालीको उन्नत बिउ उपभोगमा अनुदान कार्यक्रम अन्तर्गत सावित्री, सुख्खा-३, राम, सावा सब १, खुमल-४ धानको जातहरु गरी ३५०० के.जी उन्नत धानको बिउ, ५३०० के.जी. गहुँको (गौतम जात) बिउ, मकैको (मनकामना-३ जात) बिउको ५१०० के.जी उन्नत बिउ ५०% अनुदानमा वितरण गरियो । जसबाट ७१० कृषक/ कृषक समुह लाभान्वित ।





उन्नत धानको बिउ ५०% अनुदानमा वितरण कार्यक्रमको केहि झलकहरु

ख) प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत व्यवसायिक साना पकेट कार्यक्रम च्याउ पकेट माथागढी गाउँपालिका वडा नं ४, झडेवामा ९ वटा नयाँ च्याउ घर निर्माण गरी १००० के.जी च्याउको बिउ प्रयोग गरि च्याउ खेति सुरुवात जसबाट १० मे.टन भन्दा बढी च्याउ उत्पादन गर्न सफल र तरकारी पकेट कार्यक्रम माथागढी गाउँपालिका वडा नं १ चिदिपानिमा सम्पन्न र यस अन्तर्गत १५० रोपनिमा ८० वटा नयाँ प्लास्टिक घरहरु निर्माण गरी तरकारी खेति क्षेत्र विस्तार जसबाट ८१ कृषक परिवार लाभान्वित ।

ग) तरकारी बिउबिजन अनुदान कार्यक्रम अन्तर्गत हिउँदे तरकारीको उन्नत तथा हैब्रिड बिउहरु (काउली, बन्दा, प्याज, साग केराउ, धनियाँ, मुला तथा गाजर) तथा लहरे तरकारी बालीको उन्नत तथा हैब्रिड बिउहरु (सिमि, लहरे बोडी, काक्रा, करेला, घिरौंला आदि) ७५ % अनुदानमा वितरण कार्यक्रम सम्पन्न जसबाट ८५३ कृषक/ कृषक समुह लाभान्वित ।

घ) एक गाउँ एक उत्पादन आलु पकेट कार्यक्रम अन्तर्गत वडा नं १, २ र ३ मा पर्ने माडी फाँटमा संचालन गर्ने कार्यपालिकाको निर्णय बमोजिम कार्डिनल र MS-४३ जातको ६२५० के.जी. उन्नत आलुको बिउ ५०% अनुदानमा वितरण । जसबाट करिब ४० मे.टन आलुको उत्पादन गर्न सफल ।



एक गाउँ एक उत्पादन आलु कार्यक्रम अन्तर्गत अनुगमन

ङ) मनकामना-३ जातको मकै र सावित्री, सावा-सब र राम जातको धानको यस माथागढी गाउँपालिकामा उत्पादकत्व थाहा पाउनको लागि बाली कटानी कार्यक्रम सम्पन्न ।



धान तथा मकै बालीमा बाली कटानी कार्यक्रमको झलकहरु

च) एक हर्से हातेट्याक्टर मर्मत तालिम मिति २०८०/०१/०४ देखि सुरु भै मिति २०८०/०१/१० गते २३ जना सहभागीहरुको सक्रिय सहभागीतामा संचालन ।



एक हर्से हातेट्याक्टर मर्मत तालिमका केहि झलकहरु

छ) एक गाउँ एक उत्पादन किवी कार्यक्रम अन्तर्गत माथागढी गाउँपालिका वडा नं ३ ओलेसमा ३० रोपनी क्षेत्रफलमा लगाइएको किवीमा थाक्रा व्यबस्थापन गर्न फलामका ट्रसहरु अनुदान तथा किवी खेति व्यबस्थापन सम्बन्धी अभिमुखीकरण सम्पन्न ।



एक गाउँ एक उत्पादन किवी  कार्यक्रम वडा नं ३, ओलेसमा ३० कृषक परिवार लाभान्वित हुने गरी किविको स्थायी थाकाको लागी आवश्यक फलामको ट्र्स अनुदानमा वितरण

ज) मागमा आधारित कृषि तालिम कार्यक्रम अन्तर्गत ३ दिने व्यवसायिक च्याउ खेति तालिम ७ वटा वडाहरुको २८ जना कृषकहरुको सहभागिता भएर सम्पन्न जसमा कन्ये च्याउ, गोब्रे च्याउ तथा शिताके च्याउको खेति प्रबिधि बारे जानकारी ।



३ दिने व्यवसायिक च्याउ खेति तालिम संचालनको केहि झलकहरु

झ) ७५% अनुदानमा च्याउ बिउ अनुदान कार्यक्रम ८ वटा वडाहरुमा ३५०० पोका (२०० ग्रा.) कन्ये च्याउको बिउ ३८१ जना कृषक/कृषक समुहमा अनुदानमा वितरण सम्पन्न ।



कन्ये च्याउको बिउ ७५ % अनुदानमा वितरण कार्यक्रमको झलकहरु

ञ) यस आर्थिक बर्षमा कृषि यान्त्रीकरण अनुदान कार्यक्रम अन्तर्गत ११४ वटा मिनीटिलर र २६ वटा कुटानी पिसानी मिल ५० % अनुदानमा वितरण कार्यक्रम सम्पन्न ।





मिनी टिलर तथा कुटानी पिसानी मिल ५०% अनुदानमा वितरण
तथा अभिमुखीकरण कार्यक्रमको केहि झलकहरु

ट) ब्यबसायिक फुलखेती प्रोत्साहन कार्यक्रम अन्तर्गत माग बमोजिम फुलको बिउहरु अनुदानमा वितरण जसबाट ४० रोपनीमा सयपत्री फुल खेति विस्तार तथा पालिकामा सयपत्रीको नमुना नर्सरी स्थापना ।

ठ) एक गाउँ एक उत्पादन खुर्सानी पकेट कार्यक्रम अन्तरगत वडा नं २ र ४ गरि ३०० रोपनीमा नेपाहट र अकबरे खुर्सानीको खेति सुरुवात जसका लागि आवश्यक बिउ ७५% अनुदानमा वितरण तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न ।







१३. खुर्सानी पकेट कार्यकम अन्तर्गतका केहि झलकहरु।

ड) एक गाउँ एक उत्पादन तरकारी कार्यक्रम अन्तर्गत वडा नं ६ , भुटुकेमा ७० रोपनी क्षेत्रफलमा ब्यबसायिक तरकारी खेति सुरुवात जसका लागी ६० जना कृषकहरुमा प्लास्टिक मल्चिंग, प्लास्टिक टनेल,

थोपा सिचाई, इलेक्ट्रिक स्प्रेयर, तरकारीको बिउहरु अनुदानमा वितरण गरि ब्यवसायिक तरकारी खेति सम्बन्धि १ दिने तालिम सम्पन्न ।

ढ) एक गाउँ एक उत्पादन धनियाँ कार्यक्रम वडा नं ५, धामीकामा १५० रोपनीमा धनियाँ खेति गर्नको लागि ६३ कृषक परिवारमा धनियाँको बिउ, इलेक्ट्रिक स्प्रेयर, भर्मिकम्पोस्ट मल अनुदानमा वितरण तथा व्यवसायिक धनियाँ खेति सम्बन्धी अभिमुखीकरण गरी १५० रोपनीमा धनियाँ खेति सुरुवात ।





एक गाउँ एक उत्पादन धनियाँ कार्यक्रम अन्तर्गतको धनियाँको बिउ वितरण तथा अभिमुखीकरण कार्यक्रमको झलकहरु

ण) माथागढी गाउँपालिकाको कृषि/पशु सम्बन्धी तथ्यांक संकलन सम्पन्न ।

त) कृषकहरुलाई परिचयपत्र उपलब्ध गराउने तथा सबै कृषकहरुलाई एउटा सिस्टममा प्रबिस्ट गर्ने कार्य किसान सूचीकरणको सुरुवात जसमा यस बर्ष ७०० कृषक परिबारको डाटा प्रबिस्ट ।





किसान सूचीकरण कार्यक्रम अन्तर्गत कृषकको घर घरमा सहजकर्ताहरु

थ) कृषि प्रदशनी कार्यक्रम अन्तर्गत माथागढी गाउँपालिका -४, झडेवामा लहरेबाली तरकारीको नमुना नर्सरी स्थापना तथा खर्बुजाको परिक्षण उत्पादन सम्पन्न ।



कृषि उत्पादन प्रदशनी कार्यक्रम अन्तर्गत लहरे तरकारी बालीको नमुना नर्सरी स्थापना भएको तथा खर्बुजा को परिक्षण उत्पादनका झलकहरु

द) बागवानी विकास कार्यक्रम अन्तर्गत ७५% अनुदानमा आँप, लिची, सुन्तला, कागतीको कलमी बिरुवाहरु वितरण जसबाट १४० कृषक लाभान्वित ।

ध) प्लास्टिक टनेल तथा प्लास्टिक मल्चिंगमा अनुदान कार्यक्रम अन्तर्गत ४७ वटा प्लास्टिक टनेल तथा न) वटा प्लास्टिक मल्चिंग ७०% अनुदानमा वितरण ।

प) माटो परिक्षण प्रयोगशाला स्थापना कार्यक्रम अन्तर्गत माटो परिक्षणको लागी आवश्यक पुर्बाधार मिनिल्याब जडान सम्पन्न ।

## १.२ पशुपन्छी विकास सेवा

क) भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र र माथागढी गाउँपालिकाको समन्वयमा माथागढी भित्रका छाडा छोडिएका तथा घरपालुवा कुकुरहरुमा रेविज विरुद्ध भ्याक्सिन (६० वटा) र स्थायी वन्ध्याकरण (५१ वटा) को शिविर सम्पन्न गरियो ।






ख) पशुपन्छीमा हुने महामारी रोगको रोकथामका लागि विशेष प्राथमिकता दिदै गाई गोरु,बाख्रा, बंगुर र कुखुरामा निःशुल्क भ्याक्सिनेसन कार्य सम्पन्न गरियो ।

- बाख्रामा पि.पि.आर भ्याक्सिन-१२०८२ डोज
- बंगुरमा स्वाईन फिवर भ्याक्सिन-७६५ डोज
- गाई गोरु भैसीमा खोरेत भ्याक्सिन-१५० डोज
- कुखुरामा रानिखेत भ्याक्सिन-३१९६ डोज









ग) मागमा आधारित कार्यक्रम अन्तर्गत भृकुटी वहुउदेश्य कृषि फार्मको लागि कुखुरापालन कार्यक्रम संचालन गरियो बजेट रु. ३,००,०००। जस अन्तर्गत

- ५० प्रतिशत अनुदानमा चल्ला उत्पादनको लागि १००० क्षमताको १ वटा ह्यचिङ्ग मेसिन वितरण
- ७५ प्रतिशत अनुदानमा १००० वटा चल्ला वितरण
- ७५ प्रतिशत अनुदानमा १५ क्वीन्टल दाना वितरण
- जैविक सुरक्षाको लागि तार जाली (रु.१२५०० बराबरको एक जनालाई)
- औषधि उपचार रु.३००००/- बराबरको ।







घ) बाख्रा पकेट कार्यक्रम अन्तर्गत श्री गोठादी सहकारी संस्था लि. माथागढी-५ दमारमा सम्पन्न बजेट रु. २,५०,०००।जस अन्तर्गत

- ७५ प्रतिशत अनुदानमा २० वटा बाख्रा वितरण
- ७५ प्रतिशत अनुदानमा उन्नत जातको ३ वटा बोका वितरण

- ३.५ क्वीन्टल दाना वितरण
- औषधि उपचार रु.३००००/-











ङ) हिउँदे घाँसको विउ वितरण कार्यक्रम बजेट रु. १,५०,०००

| वडा नं. | घरधुरी | परिमाण के.जी.मा | | कैफियत |
|---|---|---|---|---|
| | | जै घाँस | वर्षिम घाँस | |
| १ | ११८ | ३०० | ५७ | |
| २ | ८८ | २६४ | ५ | |
| ३ | ६५ | २०० | - | |
| ४ | ३७ | ३६ | ३० | |
| जम्मा | ३०८ | ८०० | १३७ | |



घाँसको विऊ वितरण हुदै गरेको





## १.३ उद्योग तथा वाणिज्य

क) लघुउद्यम विकास कार्यक्रम

गरिवीको रेखामुनि रहेका परिवारहरुका लागि स्थानीय श्रोत , साधन परिचालन गरी स्थानीय स्तरमानै उद्यमशिलता विकास तालिम मार्फत रोजगारी सिर्जना गर्ने उद्देश्यले वि.स. २०५५ देखि २०७५ सम्म लघु उद्यम विकास कार्यक्रम संचालनमा रहेको थियो । लघु उद्यम विकास कार्यक्रमले गरिवीको रेखामुनि रहेका वर्गलाई लघु उद्यमी बनाई स्वरोजगार तथा रोजगारी शिर्जना गर्ने । लघु उद्यम विकास मोडेलको विकास गर्यो । उद्यम विकास मोडेलको प्रयोग बाट लक्षित वर्ग लाई उद्यममा आबद्ध गराई उनीहरुको जीवनस्तर उकास्न सहयोग पुगेकोले यस मोडेललाई नेपाल सरकारले आफ्नो कार्यक्रमका रुपमा आन्तरिकरण गरि गरीवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम को रुपमा आ।व। २०६६/६७ देखि संचालन गरिरहेकोमा आ।व।२०७७/०७८देखि गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम ९मेड्पा०कार्यक्रम नेपाल सरकारको सशर्त अनुदानमा देशका ७५३ वटै स्थानीय तह माफर्त कार्यान्वयन हुने गरी संचालनमा छ । गरीवीको रेखामुनि रहेका नेपाली नागरिक , वैदेशिक रोजगारी बाट फर्किएका वा स्वदेशमा रोजगारी गुमाएका बेरोजगार व्यक्ति मेड्पा कार्यक्रमको लक्षित समूह हुन् । यस कार्यक्रमले नतिजामा आधारित लघु उद्यम विकास मेड मोडेलमा कार्यक्रम संचालन गर्दछ , जसमा लक्षित समूहलाई एकिकृत सेवाहरु प्रदान गरी उनीहरुलाई लघु उद्यमी बन्न सघाउनुका साथै स्वरोजगार रोजगारी को सुनिश्चित गर्दछ । कार्यक्रमले अपेक्षित उपलब्धी हासिल गर्नका लागि तय गरेको लक्ष्य र उद्देश्य अनुसार कार्यक्षेत्रमा विभिन्न गतिविधि संचालन गर्नु पर्ने हुन्छ ।ती मध्ये व्यवसाय सचेतता, व्यवसाय सुरु र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरया तालिम पनि एक हो । यो तालिम प्रारम्भिक सर्वेक्षण बाट छनौट गरि समूह गठन गरि गरिएका सम्भावित उद्यमी हरुका लागि संचालन गर्ने गरिन्छ । यस तालिम ले सहभागी हरुलाई व्यवसाय प्रति उत्साहित बनाउनुका साथै व्यवसाय गर्दा ध्यान दिनुपर्ने कुराहरु जस्तै , कच्चा पदार्थ,बजार ,उपयुक्त प्रविधि आदि बारे जानकार बनाउँछ । यस तालिम बाट सहभागीहरु मा विक्रयकला जस्तो पक्षमा पनि सुधार हुने देखिन्छ। यसका साथै सहभागीहरुले व्यवसायिक योजना बनाउने बारेमा पनि जानकारी प्राप्त गरेका छन । जानकारी प्रदान गर्नु । व्यवस्थित र योजनाबद्ध तरिकाले व्यवसाय गर्न आवश्यक सुचना तथा जानकारी प्रदान गरीन्छ । यस आ.ब मा माथागढी गाउँपालिकामा ८० जना लघु उद्यमी शिर्जना गर्ने उदेश्य रहेको छ ।स्थानीय स्तरमा खेर गइरहेका कच्चापदार्थहरुको सहि सदुपयोग गर्ने स्थानीय स्तरमा रोजगारीको सृजना गर्ने ।इस पालिकामा रहेका विपन्न ,बेरोजगार परिवारलाई आर्थिकरुपमा आत्म निर्भरता तर्फ उन्मुख बनाउने ।स्वरोजगारका अवसर

सृजना हुनेछन् ।आय आर्जनमा बृद्धि हुनेछ ।स्थानीय स्रोत साधनको उपयोग हुनेछ । व्यवसायिक अवसर प्राप्त हुनेछ ।

कार्यक्रम सञ्चालनमा बजेटको दायरा

नयाँ उद्यमी सिर्जना तर्फ कुल बजेट २३,८०,०००। (अक्षरुपि तेइस लाख असि हजार)

| क्र.सं. | विवरण | बजेट | कैफियत |
|---|---|---|---|
| १. | सामाजिक परिचालन | रु ७१,४००। | |
| २. | उद्यमशिलता विकास तालिम | रु १,६६,६००। | |
| ३. | सिप विकास तालिम | रु ८,३३,०००। | |
| ४. | लघुवित्तमा पहुच | रु ७१,४००। | |
| ५. | प्रविधि हस्तान्तरण | रु ३,७५,०००। | |
| ६. | बजारीकरण सहयोग | रु ७१,४००। | |
| ७. | उद्यम विकास सहजकर्ता परिचालन | रु ७,८५,४००। | |

ख) सामाजिक परिचालन

यस अन्तर्गत घरदुरी सर्वेक्षण फारम ए र फारम बि भरियो । सहभागीतात्मक ग्रामिण लेखाजोखा पि।आ।ए अन्तर्गत यस ठाउँको व्यावसायिक सम्भावनाको वारेमा जानकारी लिने गरिन्छ । यस ठाउँमा कुन कुन व्यवसाय गर्नका लागी स्रोत सम्भावना छ भनि जानकारी गरिन्छ ।

वडा न. १,३ र ८ मा अभिमुखिकरण कार्यक्रम सम्पन्न गरियो । सहभागी संख्या २८ जना







वडा न.१,३ र ८ मा पि.आ.ए कार्यक्रम सम्पन्न गरियो सहभागी संख्या ९५ जना






- विनियोजित रकम रु १,६६,६००।
- खर्च रकम रु १,३१,२००।
- वडा न.२,३,र ८ मा सम्पन्न गरियो । सहभागी संख्या ८२ जना






ग) सिप विकास तालिम

- कार्यक्रमको नामः कटाई सिलाई तालिम
- कार्यक्रम संचालन स्थानः माथागढी गाउँपालिका वडा न.१ र ८
- सहभागी संख्याः ३७ जना
- खर्च रकम रु ३,७४,६३५।-





## घ) कार्यक्रमको नाम. ब्यूटिपालर सिप विकास तालिम

- कार्यक्रम संचालन स्थानः माथागढी गाउँपालिका वडा न.१
- सहभागी संख्याः १० जना
- खर्च रकमः रु. १,९८,६८३।





## ङ) कार्यक्रमको नामः कक्सुज चप्पल बनाउने सिप विकास तालिम

- कार्यक्रम संचालन स्थानः माथागढी गाउँपालिका वडा न.१
- सहभागी संख्याः ७ जना
- खर्च रकमः रु ७४,५९०।





च) कार्यक्रमको नाम. होजियारी तालिम

- कार्यक्रम संचालन स्थानः माथागढी गाउँपालिका वडा न.८ ताकातुङ
- सहभागी संख्याः १० जना
- खर्च रकमः रु ९०,४६०।





छ) कार्यक्रमको नामः  टमाटर खेति तालिम

- कार्यक्रम संचालन स्थानः माथागढी गाउँपालिका वडा न.३ सराई
- सहभागी संख्याः १६ जना
- खर्च रकमः रु १,२४,१००।







ज) कार्यक्रमको नाम.  एडभान्स कटाई सिलाई तालिम

- कार्यक्रम संचालन स्थानः माथागढी गाउँपालिका वडा न.२ रुप्से र वडा न.४ देउगीर
- सहभागी संख्याः २० जना
- जम्मा रकमः ४,८०,०००।
- खर्च रकमः ३,१३,०७०।







प्रविधि हस्तान्तरण

| क्रस | सामानको नाम | जम्मा बजेट | खर्च बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | सिलाई मेसिन २२ वटा | | | |
| २ | इन्टरलग मेसिन १ वटा | | | |
| | जम्मा | ३,७५,०००। | ४,५०,०००। | |





## १.४ सहकारी तथा वित्तिय सेवा

क) सहकारी तथा गरिवी सम्बन्धी सूचना व्यवस्थापन प्रणाली तालिम

- **विनियोजित बजेट-** २,००,०००(दुई लाख मात्र)
- **कार्यक्रम संचालन भएको मितिः २०७९/१२/२८ र २९ गते**
- **कार्यक्रम सञ्चालन भएको स्थानः** बारबरी भिलेज रिसोर्ट(तानसेन -९)
- **लाभान्वित समूहः** १७ सहकारीबाट २९ जना
- **कार्यक्रमको उपलब्धी-**
    - सहकारी संस्थाहरुलाई COPOMIS बारे जानकारी गराईएको।
    - पालिका भित्र रहेका सहकारी संस्थाहरुलाई COPOMIS मा आवद्ध गरिएको
    - सहकारी संस्थाहरुमा तथ्याङ्क भर्न तथा तथ्याङ्कको प्राप्त गर्न सिकाईएको ।
    - COPOMIS को प्रयोग र महत्वबारे जानकारी गराईएको।






सहकारी तथा गरिवी सम्बन्धी सूचना व्यवस्थापन प्रणाली तालिमका झलकहरु

## १.५ रोजगार सृजना (मर्यादित काम तथा आर्थिक वृद्धि)

**क) प्रधानमन्त्री रोजगार कार्यक्रम**

माथागढी गाउँपालिका आ.ब. २०७९/०८० मा प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सामाजिक तथा आर्थिक अवसरबाट विपन्न बेरोजगार व्यक्तिहरुका लागि कामका लागि पारिश्रमिक तथा युवा रोजगारीका लागि रुपान्तरण पहल लगायतका सामुदायिक आयोजनाहरुको सञ्चालन गरी रोजगारी सृजना गर्ने गरी अति विपन्न सूचीकृत बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारी प्रदान गरेको छ । यो अवधीमा संचालन गरिएका त्रियाकलापहरु तल प्रस्तुत गरिएको छ ।

- **बेरोजगार व्यक्तिहरुको तथ्याङ्क संकलन**

प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशिकामा भएको व्यवस्था अनुसार फागुन महिना मा तथ्याङक संकलन गर्नको लागि सम्पूर्ण वडा कार्यालयहरुलाई आह्वान गरिएको थियो तथा प्राप्त आवेदनलाई प्रधानमन्त्री रोजगार कार्यक्रमको पोर्टल (EMIS) मा ENTRY गरिएको थियो । यस आर्थिक बर्षमा बेरोजगारीको लागी निवेदन दिने व्यत्तिहरुको निवेदन संख्या निम्न अनुसार रहेको छ ।

**वडागत रुपमा EMIS दर्ता गरिएको बेरोजगार व्यक्तिहरुको विवरण**

| क्र.स | वडा नं. | जम्मा |
|---|---|---|
| १ | १ | ६९ |
| २ | २ | ३६ |
| ३ | ३ | ६६ |
| ४ | ४ | ४३ |
| ५ | ५ | ६० |
| ६ | ६ | ३२ |
| ७ | ७ | ० |
| ८ | ८ | ३४ |
| | **जम्मा** | **३४०** |




- **स्थानीय निर्देशक समितिको गठन**

प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनका लागी रोजगारीको हक सम्बन्धी नियमावली २०७५ को दफा १४ (१) मा व्यवस्था भए अनुसार माथागढी गाउँपालिका अध्यक्ष श्री यम बहादुर चिदी ज्यूको अध्यक्षतामा स्थानिय निर्देशिक समितिको गठन भएको छ । स्थानिय निर्देशक समितिमा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, गाउँपालिका अध्यक्षले तोकेको २ जना वडा अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, रोजगार संयोजक सहितको स्थानीय निर्देशक समितिको गठन भएको छ ।

- **युवा रोजगारीको लागी रुपान्तरण पहल आयोजना (YETI)**

माथागढी गाउँपालिकामा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले रोजगार सेवा केन्द्रमा सुचिकृत हुनका लागी निवेदन दिएका र सूचिकृत भएका बेरोजगार व्यत्तिहरुको लागी न्यूनतम रोजगारी उपलब्ध गराउने उद्देश्यले आ.ब. २०७९/०८० मा गाउँपालिकालाई शसर्त अनुदान विश्व बैंक आई.डि.ए. बाट २३,५१,००० उपलब्ध गराइएको छ । उक्त रकम युवा रोजगारीको लागी रुपान्तरण पहल योजनाको कार्यविधि २०७९ खर्च गर्ने गरि अख्तियारी प्राप्त भएको तथा उक्त कार्यविधि अनुरुप प्राप्त रकम ज्यालाको लागी मात्र खर्च गर्नु पर्ने रहेकोले माथागढी गाउँपालिकाको विभिन्न स्थानहरुमा गोरेटोबाटो, सोलिङ्ग तथा मोटरबाटोको नाली निर्माण तथा मर्मत सम्भार, जस्ता क्षेत्रहरुमा योजना सञ्चालन गर्ने गरी योजनाहरु छनौट

गरिएको छ । प्राप्त सशर्त अनुदान अनुरुप ४० जना व्यत्तिको लागी १०० दिन बराबरको रोजगारी सृजना गर्नु पर्ने भएकोले सूचिकृत व्यत्तिहरु छनौट र प्राविधिक ईस्टिमेटको आधारमा मिति २०७९/०९/२४ गते देखि कार्यक्रम सुभारम्भ भएको छ ।

- **युवा रोजगारीका लागि रुपान्तरण पहल योजना (YETI) मार्फत संचालन भएका योजनाहरु**

| क्र.स. | योजनाको नाम | वडा नं. | जम्मा कामदार संख्या | जम्मा रोजगारी प्राप्त दिन | कैफियत |
|---|---|---|---|---|---|
| १ | माथागढी-२ अन्तर्गतका गोरेटोबाटो तथा नाली विस्तार | २ | १० | ९७० | *काम सम्पन्न भएको* |
| २ | कसेनी कुलो तथा नाली निर्माण | ३ | ९ | ७६० | *काम सम्पन्न भएको* |
| ४ | हात्तिलुङ्ग ताप्लेघाट गोरेटो निर्माण | ५ | १० | १००० | *काम सम्पन्न भएको* |
| ५ | बाघमारा देखि घोरलीखरक जाने गोरेटोबाटो तथा खेल मैदान व्यवस्थापन | ८ | ११ | ११०० | *काम सम्पन्न भएको* |
| | | जम्मा | ४० | ३८३० दिन | |

- **कामका लागि पारिश्रमिकमा आधारित कार्यक्रम ( रोजगारी सृजना)**

कामका लागी पारिश्रमिकमा आधारित आयोजना सञ्चालन गर्ने प्राप्त अख्तियारी अनुसार यस गाउँपलिकामा सम्भाव्य आयोजनाको छनौट गर्न कार्यपालिकाका सदस्यहरु बीच आयोजनाको सञ्चालन प्रत्रिया तथा कार्यविधिको बारेमा छलफल गरि वडा कार्यालयलाई सम्भाव्य आयोजनाको सिफारिस गर्न जिम्मेवारी दिईएको थियो। उक्त आयोजना कार्यान्वयन गर्दा कामका लागी पारिश्रमिकमा आधारित आयोजना (सञ्चालन तथा व्यवस्थापन कार्यविधि) २०७७ अनुसार गर्ने गरि निम्न अनुसार उल्लेखित आयोजनाको सञ्चालन गर्ने निर्णय भएको छ ।

| क्र.स. | योजनाको नाम | वडा नं. | जम्मा कामदार संख्या | जम्मा रोजगारी प्राप्त दिन | कैफियत |
|---|---|---|---|---|---|
| १ | झडेवा गोरेटोबाटो निर्माण तथा नाली सरसफाई योजना | ४ | १० | १००० | *काम सम्पन्न भएको* |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | ढोल्केडाँडा बुढीचौर खापडाँडा दुम्सीलुङ्ग मो.बा. नाली निर्माण गोरेटोबाटो | ६ | ६ | ६०० | *काम सम्पन्न भएको* |
| | | जम्मा | १६ | १६०० दिन | |

- **सञ्चालनमा रहेका योजनाहरुको झलकहरु**

योजनाको नामः- माथागढी-२ अन्तर्गतका गोरेटोबाटो तथा नाली विस्तार
आयोजना स्थलः- रुप्से
विनियोजित रकमः- ५,७७,०००









योजनाको नामः-  ढोल्केडाँडा बुढीचौर खापडाँडा दुम्सीलुङ्ग मो.बा. नाली निर्माण गोरेटोबाटो
आयोजना स्थलः- गोठादी
विनियोजित रकमः- ३,४६,२००/-







योजनाको नामः-  हात्तिलुङ्ग ताप्लेघाट गोरेटो निर्माण
आयोजना स्थलः- हात्तिलुङ्ग
विनियोजित रकमः- ५,७७,०००





योजनाको नामः-  बाघमारा देखि घोरलीखरक जाने गोरेटोबाटो तथा खेल मैदान व्यवस्थापन
आयोजना स्थलः- बहादुरपूर
विनियोजित रकमः- ६,३४,७००







योजनाको नामः-  झडेवा गोरेटोबाटो निर्माण तथा नाली सरसफाई योजना
आयोजना स्थलः- झडेवा
विनियोजित रकमः- ५,७७,०००






योजनाको नामः कसेनी कुलो तथा नाली निर्माण

बजेटः ५१९३००/-

स्थानाः माथागढी-३ कसेनी





- वैदेशिक रोजगारीका लागि व्यक्तिगत श्रम स्वीकृती र पुन: श्रम स्वीकृती अनलाईन आवेदन एवं वैदेशिक रोजगारी सम्बन्धी सेवा बैशाख १ गते दखि माथागढी गाउँपालिकाको रोजगार सेवा केन्द्रबाट गरिदै आएको छ । हाल सम्म वैदेशिक रोजगारमा जाने ६ जनाको श्रम स्वीकृती गरिएको छ ।

## १.६ सिंचाई

माथागढी गाउँपालिका अन्तर्गत यस आ.व. मा तपसिल वमोजिमका सिचाइका मुख्य कार्यहरुको निमार्ण कार्य सम्पन्न भएको छ ।

- कुम्भि सिचाइ योजनाको लागि १७०० मि. पाइप खरिद गरी जडान कार्य सम्पन्न भएको छ ।
- घ्याङसिङ्दी सिंचाई योजनाको लागि ५० एम.एम.को  ३०० मि. पाइप खरिद गरी जडान कार्य सम्पन्न भएको छ ।
- धाव पाकरी सिंचाई योजनाको लागि ३२ एम.एम.को  २३०० मि. पाइप खरिद गरी जडान कार्य सम्पन्न भएको छ ।
- मौलाथर खेत सिंचाई योजनाको लागि ४० एम.एम.को  ११०० मि. पाइप खरिद गरी जडान कार्य सम्पन्न भएको छ ।
- मझुवा सिंचाई योजनाको लागि ६३ एम.एम.को  ५५० मि. पाइप खरिद गरी जडान कार्य सम्पन्न भएको छ ।
- अगाहखोला सेराटारी सिंचाई योजनाको लागि १४० एम.एम.को  २८५ मि. पाइप खरिद गरी जडान कार्य सम्पन्न भएको छ ।
- धनबाढी भोटेखरक सिंचाई योजनाको लागि ६३ एम.एम.को  ३३० मि. पाइप खरिद गरी जडान कार्य सम्पन्न भएको छ ।
- छत्रीकुन सिंचाई योजनाको लागि ५० एम.एम.को ११५०  मि. पाइप खरिद गरी जडान कार्य सम्पन्न भएको छ ।
- गोहेलुङ्ग खा.पा. योजनाको लागि ४० एम.एम.को  २५७० मि. पाइप खरिद गरी जडान कार्य सम्पन्न भएको छ ।
- गाउँपालिकाको विभिन्न सिंचाई योजनाको लागि २ हजार मिटर जति कुलो निर्माण कार्य सम्पन्न गरिएको छ ।





कसेनी कुलो





तारादल सिंचाई

## २. सामाजिक विकास तर्फ

### २.१ शिक्षा युवा तथा खेलकूद

### क) गणित शिक्षक क्षमता विकास तालिम

माथागढी गाउँपालिका अन्तर्गत माध्यमिक र निम्न माध्यमिक विद्यालयका गणित शिक्षकहरुको सीप निर्माण तथा क्षमता विकास सम्बन्धी तालिम माथागढी गा.पा.तालिम हलमा मिति २०७९/११/२० देखि २४ गते सम्म पाँच दिन सञ्चालन गरियो । गणित शिक्षकहरुको सीप निर्माण तथा क्षमता विकास सम्बन्धी तालिममा माथागढी गा.पा. भित्रका मा.वि. १३ र नि.मा.वि. ५ गरी कुल १८ विध्यालयका २३ जना शिक्षक/शिक्षिकाहरुको सहभागिता रहेको थियो ।




### ख) स्थानीय पाठ्यक्रम पुनरावलोकन तथा मातृ भाषाको पाठ्यपुस्तक प्रकाशन सम्बन्धि अभिमुखिकरण/ अन्तरक्रिया कार्यक्रम

माथागढी गाउँपालिकाको आन्तरिक स्रोतको स्थानीय पाठ्यक्रम पुनरावलोकन र छपाइ तथा मातृ भाषाको पुस्तक प्रकाशन सम्बन्धमा सरोकारवाला बिच छलफल गरी निष्कर्ष सहित पाठ्यक्रम पुनरावलोकन र छपाइ तथा मातृ भाषाको पुस्तक प्रकाशन सम्बन्धमा माथागढी गाउँपालिका वडा नं-३ को सभाहलमा मिति २०८०/०३/१६ गते भाषा आयोगका माननीय सदस्य तथा पाठ्यक्रम विज्ञहरुका बिचमा अन्तरक्रियात्मक अभिमुखीकरण कार्याशाला सञ्चालन गरिएको छ ।




गाउँपालिकाका अध्यक्ष श्री यम वहादुर चिदीज्यूको अध्यक्षता, संघीय सभा सदस्य माननीय नारायण प्रसाद आचार्यको प्रमुख आतित्थ्यता, प्रदेश सभा सदस्य श्री खेम बहादुर सारु, भाषा आयोगका माननीय सदस्य श्री अमृत तामाङ योन्जन भाषा विद डा. विष्णु कुमार सिङ्जाली विशिष्ट अतिथिको रुपमा रहनुभएको थियो । कार्यक्रममा उपाध्यक्ष विष्णुमाया लुङचे, प्रमुख प्रशासकीय अधिकृत दिनेश ज्ञवाली, शिक्षा सहायक अमृत अधिकारी, तिनाउँ गाउँपालिकाका पूर्व अध्यक्ष उम बहादुर घर्ती, समाजसेवी विमल काफ्लेलगायतको सहभागिता रहेको थियो । उद्घाटन कार्यक्रम शिक्षा संयोजक प्रेम बहादुर बारघरेको संचालन, सामाजिक विकास समितिका संयोजक राजकुमार पन्थीको स्वागत मन्त्व्यमा भएको थियो ।




यस्तै अन्तरक्रिया सेसनमा शिक्षा समिति सदस्य नारायण प्रसाद अधिकारी, नारन मश्राङ्गी, प्रअ निर बहादुर सारु, गोपिकृष्ण आचार्य लगायतले स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तकका सम्बन्धमा आवश्यक राय गर्नुभइ आवश्यक सुझाव समेत दिनुभएको थियो । कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत दिनेश ज्ञवालीले गाउँपालिकाको तर्फबाट, भाषा आयोगका सदस्य श्री अमृत तामाङ योन्जन भाषा विद डा. विष्णु कुमार सिङ्जाली ज्यूले सहजिकरण गर्दै प्रशिक्षक र सहभागिहरुको जिज्ञाशा मेटाउनु भएको थियो ।

समुदाय र विद्यालयबीचको घनिष्ठता कायम गर्न कार्यक्रम सफल भएको । स्थानीय स्रोत र साधनको अधिकतम उपयोग गर्न मा कार्यशाला सहयोगी बनेको । केन्द्रिय पाठ्यक्रममा नसमेटिएका विषयवस्तु समेटि स्थानीय पाठ्यक्रममा शिक्षण गर्नुपर्ने, स्थानीय विषयवस्तुलाई प्राथमिकता दिई स्वाबलम्बी र आत्म निर्भर बनाउनु पर्नेमा





जोड,  स्थानीय सिप व्यावहारिक शिक्षाको माध्यमबाट मात्र व्यक्ति र समाजमा परिवर्तन ल्याउन सफल,  स्थानीय आवश्यकतालाई समेट्नका लागि स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा स्थानीय सरोकारवालाहरूलाई संलग्न गराई शिक्षामा आवश्यक सुधार गर्न फेरी पनि यस्तै कार्यशाला गर्नुपर्ने मा जोड । मााथागढी गाउँपालिका भित्रका विद्यालय, विव्यस, शिअस, शिक्षकहरु, सरोकारवालाहरु सहित ८० जना सहभागि हुनुभएको थियो।

**ग) प्रारम्भिक बाल विकास सहजकर्ता शिक्षकहरुको क्षमता विकास सम्बन्धी तालिम तथा सामग्री वितरण कार्यक्रम**

मुख्यमन्त्रि शैक्षिक सुधार कार्यक्रम अन्तर्गतको चालु शीर्षकको शिक्षकहरुको क्षमता विकास तालिम बाल विकास सहजकर्तालाइ क्षमता विकास तालिम सञ्चालन गरी उनीहरुको सीप दक्षता अभिवृद्धिको लागि माथागढी गाउँपालिकाको सभाहलमा मिति २०८०/०३/१२ र १३ गते सम्म २ दिन तालिम संचालन गरी शैक्षिक सामग्री वितरण समेत गरिएको छ ।



तालिमबाट विद्यालयमा शिक्षण सिकाई प्रभावकारी बनाउनु बाल विकास सहजकर्ता उत्प्रेरित भएको।





विद्यार्थीका लागि औसत उपलब्धी अभिवृद्धि गर्न सहयोग गरेको। विद्यालयका शिक्षकहरुलाई शिक्षण विधि तौरतरिका र सीप निर्माणका बारेमा जानकारी भएको। शिक्षकको विषयगत दक्षता कौशल र सीप अभिवृद्धि भई शैक्षिक नतिजा सुधार गर्न सहयोग । प्रारम्भिक बाल बिकास सहजकर्तालाइ समय अनुसार सीप विकास भइ तल्ला कक्षाबाट नै सिकाइ अभिवृद्धि गर्न सहयोग पुगेको थियो ।

तालिमको उद्घाटन २०८०।०३।१२ गते माथागढी गाउँपालिकाका अध्यक्ष तथा कार्यक्रमका प्रमुख अतिथि श्री यम वहादुर चिदीज्यूवाट भएको थियो । प्रमुख प्रशासकीय अधिकृत दिनेश ज्ञवालीको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष विष्णुमाया लुङचे, शिक्षा सहायक अमृत

अधिकारी वडा अध्यक्ष शंकर दर्लामी लगायतको सहभागिता रहेको थियो ।उद्घाटन कार्यक्रम शिक्षा संयोजक प्रेम बहादुर बारघरेको संचालनमा भएको थियो ।

तालिम समापन मिति २०८०।०३।१३ गते शिक्षा शाखा संयोजक प्रेम बारघरेको अध्यक्षता तथा गाउँ पालिका अध्यक्ष यम वहादुर चिदीको प्रमुख आतित्यता, उपाध्यक्ष विष्णुमाया लुङ्चे, प्रमुख प्रशासकीय अधिकृत दिनेश ज्ञवाली, मुख्यमन्त्रि शैक्षिक सुधार कार्यक्रम जिल्ला संयोजक शुसिला गाहा दर्लामी लगायतका अतिथिहरुले शुभकामना दिनुभयो । यस्तै सहभागिहरु कल्पना आचार्च, रमा काफ्ले, भीम कुमारी ढेंगा लगायतले तालिम प्रभावकारी भएकोले फेरी पनि यस्तै तालिमहरु चलाउन आग्रह गर्नुभयो । समापन कार्यक्रम शिक्षा संयोजक प्रेम बहादुर बारघरेको अध्यक्षता र शिक्षा सहायक अमृत अधिकारीको संचालनमा भएको थियो ।

तालिम सहजिकरण प्रशिक्षकहरु प्रमिता पाण्डे र निर्मल पाण्डेयवाट संचालन भएको थियो । यस्तै तालिम पश्चाचत सहभागिहरुलाइ ECD कक्षाकोठा व्यवस्थापनलाइ ३९ आइटममा ४१ सेट सामग्रीको झोला समेत वितरण गरिएको थियो ।

**घ) विद्यालयका शिक्षकहरुको सूचना प्रविधि क्षमता विकास IT तथा IEMIS , कर्मचारी संन्चयकोष र नागरिक लगानीकोष अनलाइन दर्ता सम्बन्धी तालिम**

माथागढी गाउँपालिकाका सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरु सूचना प्रविधि र IEMIS सचालनमा कमजोर रहेको यसको प्रयोग र मूल्यांकन नतिजाबाट प्रस्ट हुन्छ, त्यस कारण गाउँ पालिका भित्रका माध्यमिक र आधारभूत तहका शिक्षकहरुको IT & IEMIS मा क्षमता विकास अभिवृद्धि गरी विद्यालयमा सूचना प्रविधिको उपयोग सँगै IEMIS को प्रयोगले छिटो छरितो र प्रविधिमैत्री सिकाइको



नतिजा सुधार ल्याउन सहयोग पुगेको छ । मुख्यमन्त्रि शैक्षिक सुधार कार्यक्रम अन्तर्गतको चालु शीर्षकको शिक्षकहरुको क्षमता विकास तालिम सञ्चालन गरी उनीहरुको सीप दक्षता अभिवृद्धिको लागि माथागढी गाउँपालिकाको सभाहलमा मिति २०८०/०२/३२ देखि असार ३ गते सम्म ५ दिन तालिम सम्पन्न गरिएको छ ।



तालिमको उद्घाटन २०८०।०२।३२ गते माथागढी गाउँपालिकाका अध्यक्ष तथा कार्यक्रमका प्रमुख अतिथि श्री यम वहादुर चिदीज्यूवाट

भएको थियो । कार्यक्रममा उपाध्यक्ष विष्णुमाया लुङचे, प्रमुख प्रशासकीय अधिकृत दिनेश ज्ञवाली लगायतको सहभागिता रहेको थियो ।उद्घाटन कार्यक्रम शिक्षा संयोजक प्रेम बहादुर बारघरेको अध्यक्षता र शिक्षा सहायक अमृत अधिकारीको संचालनमा भएको थियो ।

यस्तै तालिमको बिच-विचमा मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रमका जिल्ला संयोजक शुसिला गाहा दर्लामी, गाउँपालिका अध्यक्ष यम वहादुर चिदी, उपाध्यक्ष विष्णुमाया लुङचे, प्रमुख प्रशासकीय अधिकृत दिनेश ज्ञवाली, लेखा अधिकृत सन्तोष दाहाल, लेखापाल टिकाराम बस्याल लगायतले तालिम अनुगमन गर्नुभइ आवश्यक राय सुझाव समेत दिनुभएको थियो ।

तालिम समापन मिति २०८०।०३।०३ गते शिक्षा शाखा संयोजक प्रेम बारघरेको अध्यक्षता तथा गाउँ पालिका अध्यक्ष यम वहादुर चिदीको प्रमुख आतित्यता, उपाध्यक्ष विष्णुमाया लुङचे, प्रमुख प्रशासकीय अधिकृत दिनेश ज्ञवाली, पत्रकार महासंघ पाल्पा सदस्य नारन न्यौपाने, मुख्यमन्त्रि शैक्षिक सुधार कार्यक्रम जिल्ला संयोजक शुसिला गाहा दर्लामी लगायतका अतिथिहरुले शुभकामना दिनुभयो । यस्तै सहभागिहरु शोभा कडरिया, भीम बहादुर थापा लगायतले तालिम प्रभावकारी भएकोले फेरी पनि यस्तै तालिमहरु चलाउन आग्रह गर्नुभयो । समापन कार्यक्रम शिक्षा संयोजक प्रेम बहादुर बारघरेको अध्यक्षता र शिक्षा सहायक अमृत अधिकारीको संचालनमा भएको थियो ।



तालिम सहजिकरण प्रशिक्षकहरु जीवन आचार्य, यादव परियार र अर्जुन कार्कीहरुवाट संचालन भएको थियो । तालिम शिक्षकहरुको अनुभव आदनप्रदान गर्दै प्रशिक्षकहरु प्रोजेक्टरको माध्यमवाट र समूह विभाजन गरी शिक्षक तालिम सहजिकरण भएको थियो ।तालिममा सिकेका विषय र अनुभवहरु शिक्षकहरुले विध्यालयमा प्रयोग गरी विद्यार्थीको सिकाइ उपलब्धी र सूचना प्रविधिको विकासमा बृद्धी हुने अपेक्षा लिइएको छ ।तालिमबाट विद्यालयका सूचना प्रविधिसँग सम्बन्धित शिक्षकहरुलाई शिक्षण विधि तौरतरिका र सीप निर्माणका बारेमा जानकारी प्राप्त भएको । विद्यालयमा शिक्षण सिकाई प्रभावकारी बनाउन सूचना प्रविधि तालिमले सहयोग पुगेको । विद्यार्थीका लागि औसत उपलब्धी अभिवृद्धिमा सूचना प्रविधिको प्रयोगले सहयोग गरेको । शिक्षकको विषयगत दक्षता कौशल र सीप अभिवृद्धिमा सुधार आएको । शैक्षिक सूचना प्रविधिको विकास गरी उच्च दक्षता अभिवृद्धिमा सहयोग पुगेको । IEMIS प्रतिवेदन कर्मचारी संचयकोष नागरिक लगानी कोषको अनलाइनमा विवरण प्रविष्ट गर्न सक्ने भएको जसले कार्यालयको काम छिटो छरितो र चुस्त हुने। माथागढी गाउँपालिका भित्रका

मा.वि. र आधाभराभूत तहका शिक्षकहरु ४५ जना शिक्षकहरु तालिममा सहभागि हुनुभएको थियो ।

### ङ) गाउँपालिका स्तरीय चौथो राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता



स्थानीय तह स्तरीय राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन समितिद्धारा पाल्पा जिल्ला माथागढी गा.पा.मा सञ्चालित स्थानीय तह स्तरीय राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता सम्पन्न भएको छ । प्रतियोगिता सञ्चालन मिति २०७९/१०/२० देखि २०७९/१०/२३ सम्म माथागढी गा.पा. वडा नं. ४ किसान मा.वि. खेलमैदानमा प्रमुख अतिथिः यम बहादुर चिदी (माथागढी गा.पा. अध्यक्ष) रहनुभएको थियो । प्रतियोगितमा बिजेता खेलाडी विद्यार्थीहरुलाइ पुरस्कार तथा प्रमाणपत्र वितरण गरिएको थियो । उत्कृष्ठ स्थान हाँसिल गर्ने खेलाडीहरुले जिल्लास्तरीय राष्ट्रपति रनिङसिल्ड प्रतियोगितामा प्रतिस्प्रधा गरेका थिए ।

### च) जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा सहभागिता



जिल्ला स्तरीय १४ औं राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन समितिद्धारा पाल्पा जिल्ला माथागढी गा. पा.- ३ कसेनीमा सञ्चालित जिल्ला स्तरीय राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता सम्पन्न भएको छ । प्रतियोगिता सञ्चालन मिति २०७९/१०/२० देखि २०७९/१०/२३ सम्म माथागढी गा.पा. वडा नं. ३ सराइ खेलमैदानमा प्रमुख अतिथिहरु रहनुभएको थियो । प्रतियोगितमा बिजेता खेलाडी विद्यार्थीहरुलाइ पुरस्कार तथा प्रमाणपत्र वितरण गरिएको थियो । उत्कृष्ठ स्थान हाँसिल गर्ने खेलाडीहरुले प्रदेशस्तरीय राष्ट्रपति रनिङसिल्ड प्रतियोगितामा प्रतिस्प्रर्धा गरेका थिए ।

प्रतियोगितामा माथागढी गाउँपालिकाले ५ स्वर्ण तीन रजत र ७ कास्य गरी कुल १५ पदक हाँसिल गरेको थियो ।

**छ) माथागढी गाउँपालिका अन्तर्गतका माध्यमिक तथा निम्न माध्यमिक तहका विद्यार्थीहरुको चित्रकला प्रतियोगिता**



माथागढी गाउँपालिका अन्तर्गतका सामुदायिक तथा सस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको अन्तरनिहित क्षमता, प्रतिभा प्रस्फुटन गर्ने मुख्य उद्देश्यले ५८औं वालदिवशको अवसरमा “वालमैत्री समाजको आधार, जिम्मेवार परिवार, उत्तरदायी सरकार” भन्ने मुल नाराका साथ “वाल मैत्री समाज” विषयमा माध्यमिक तथा निम्न माध्यिमक तहका विद्यार्थीहरुविच चित्रकला प्रतियोगिता मिति २०७९ भाद्र २९ गते किसान मावि पाल्पामा सञ्चालन गरियो । अध्यक्षः प्रेमवहादुर वारघरे (शिक्षा संयोजक) प्रमुख अतिथिः यम बहादुर चिदी (अध्यक्ष माथागढी गा.पा.) विशिष्ठ अतिथिः दिनेश ज्ञवाली (प्रमुख प्रशासकीय अधिकृत माथागढी गा.पा.) कार्यक्रममा मा.वि.१९ जना र नि.मा.वि.३१ गरी जम्मा ५० जना सहभागि रहेका थिए । प्रतियोगितामा सौभाग्यमाविका विशाल सारु प्रथम रत्न माविका नारायण राना द्वितीय भएका थिए । निमावि तहमा रत्नमाविका वर्षा गाहा प्रथम र साहारा देवी आविका दिक्षा लम्तरी दोस्रो भएका थिए । उक्त प्रतियोगितामा विभिन्न स्थान हासिल गर्ने विद्यार्थीहरुलाई प्रमुख अतिथि यम बहादुर चिदी ज्यूबाट नगद पुरस्कार वितरण गर्नुका साथै विभिन्न स्थान हासिल गर्ने विद्यार्थीहरुलाई वधाई तथा धन्यवाद ज्ञापन गर्नुभयो ।

**ज) विद्यालयमा स्वच्छ खानेपानी वितरणको लागि WATER PURIFIRE मेसिन वितरण**

विद्यालयमा स्वच्छ खानेपानी वितरणको लागि WATER PURIFIRE वितरण गरिएको छ । मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम अन्तर्गत गाउँपालिका भित्रका किसान मावि रत्न मावि सौभाग्य मावि, कर्णधार प्रावि, सिर्जना प्रावि, बुद्धिविकास प्रावि , जनप्रिय प्रावि गरी ७ विद्यालयमा १० वटा र १ वटा कार्यालयमा स्वच्छ खानेपानी वितरणको लागि जडान गरिएको छ । विद्यालयमा स्वच्छ खानेपानी वितरणको लागि WATER PURIFIRE मेसिनले सहयोग पुगेको छ ।



## झ) विद्यालयमा चकडष्टर रहित कक्षाकोठा व्यवस्थापनको लागि WHITE BOARD वितरण

विद्यालयमा चकडष्टर रहित कक्षाकोठा व्यवस्थापनको लागि १६ वटा विद्यालयमा २ वटाका दरले WHITE BOARD वितरण गरिएको छ । मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम अन्तर्गत गापा भित्रका जाउपोखरा आवि, शारदा प्रावि, शिवद्विप प्रावि, सपाङदी प्रावि, शिद्धबाबा प्रावि, जल्पादेवी प्रावि, रत्नप्रावि, योगेश्वर प्रावि, चित्रेछाप प्रावि, आदर्श प्रावि, कौडे प्रावि, शिद्धप्रावि, महेन्द्र नरेश प्रावि, सरस्वती प्रावि, बतासचुली प्रावि र आदर्श आविका लागि २/२ वटा WHITE BORAD वितरण गरिएको छ । यसबाट विद्यालयमा चकडष्टर रहित कक्षाकोठा व्यवस्थापनमा सहयोग पुगेको छ ।



## ञ) सबै सामुदायिक विद्यालयहरुमा इन्टरनेट जडान

विद्यालयहरुमा सूचना प्रविधिको पहुँच अभिवृद्धि गर्न पालिका भित्रका ४१ वटै सामुदायिक विद्यालयहरुमा इन्टरनेट जडानको लागि १२ हजारको दरले रकम वितरण गरी सबै विद्यालयमा इन्टरनेट जडानको काम सम्पन्न



भएको छ । यसले पालिका भित्रका विद्यालयहरुमा सूचना प्रविधि पहुँचमा बृद्धि समेत भएको छ । जसले सिकाइ उपलव्धि वृद्धि र सूचना प्रविधिको विकासमा समेत सहयोग गर्नेछ ।

### ट) शिक्षा/ प्रअ/ परीक्षा समिति बैठक सम्पन्न

पालिका स्तरका शैक्षिक गतिविधिहरुमा छलफल गर्न विभिन्न मितिहरुमा प्रअ शिक्षा समिति विव्यस शिअसवीचमा बैठक छलफल तथा अन्तरक्रिया कार्यक्रमहरु भएको छ । यसविचमा ६ वटा प्रअ बैठक शिक्षा समितिको ८ वटा परीक्षा समितिको ५ वटा बैठकहरु भएका छन् । बैठकबाट शिक्षा सम्बन्धि विभिन्न निर्णय समेत भएका छन् ।

### ठ) मुख्यमन्त्रि शैक्षिक सुधार कार्यक्रम



पालिका स्तरका शैक्षिक गतिविधिहरुमा छलफल गर्न विभिन्न मितिहरुमा मुख्यमन्त्री शैक्षिक सुधार समिति बैठक संचालन भएका छन् । बैठकबाट आयोजना छनोट कार्यक्रम कार्यान्वय र अनुगमन तथा वितरणहरु समेत भएको छ । समितिको ५ वटा बैठकहरु भएका छन् । बैठकबाट शिक्षा सम्बन्धि विभिन्न निर्णय समेत भएका छन् । यस्तै मुख्य मन्त्री शैक्षिक सुधार कार्यक्रम अन्तर्गत गाउँपालिका भित्रका विद्यालयमा प्राविधिक ल्याव, कक्षाकोठा व्यवस्थापन, सूचना प्रविधि ल्याव व्यवस्थापन, विद्यालय भवन, पुस्तकालय विज्ञान प्रयोगशाला आदि स्थापना भएका छन् । ज्ञानोदय प्रा.वि., भूपति प्रा.वि., शिववाणी प्रा.वि., लक्ष्मी प्रा.वि., जनउद्वार प्रा.वि., चन्द्रादेवि प्रा.वि., र विक्रम आ.वि.मा कम्प्युटर, प्रिन्टर खरिद व्यवस्थापन कार्यक्रम भएको छ ।

धारदेवी मा.वि. विज्ञान प्रयोगशाला निर्माण, दिव्यज्योति मा.वि. विज्ञान प्रयोगशाला स्तरोन्नती, ग्रामोदय मा.वि., साहारादेवी आ.वि., हात्तिलुङ्ग मा.वि र सातपोखरी मा.वि.मा विज्ञान प्रयोगशाला निर्माण गरिएको छ, यस्तैगरी किसान मा.वि., सौभाग्य मा.वि., रत्न मा.वि., बुद्धिविकास प्रा.वि, कर्णधार प्रा.वि., सृजना प्रा.वि. र जनप्रिय प्रा.वि.मा वाटर प्युरीफायर मेसिन जडान भएका छन् ।

यस्तै कक्षाकोठा व्यवस्थापनमा जाउपोखरा आ.वि. शारदा प्रा.वि. शिवद्विप प्रा.वि सपाङ्गदी प्रा.वि. सिद्धबाबा प्रा. वि. जल्पादेवि प्रा.वि. रत्न प्रा.वि. योगेश्वर प्रा.वि. चित्रेछाप प्रा.वि. आदर्श प्रा.वि. कौडे प्रा.वि. शिद्ध प्रा.वि. महेन्द्रनरेश प्रा.वि. सरस्वती प्रा.वि. बतासचुली प्रा.वि. आदर्श आ.वि. लाइ ह्वाइट

वोर्ड वितरण गरिएको छ । यस्तै गरी माथागढी गा.पा.का. शिक्षकहरुलाई क्षमता विकास तालिम विद्युतिय शैक्षिक व्यवस्थापनका लिग सफ्टवयर र शैक्षिक जनशक्ति क्षमता विकास तालिम कर्णधार मा.वि. मा भाषा जनशक्ति व्यवस्थापन बालविकास आ.वि. मा भाषा जनशक्ति व्यवस्थापन माथागढी गा.पा.का बालविकास सहजकर्तालाई क्षमता विकास तालिम समेत संचालन भएका छन् ।

### ड) राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत पालिकास्तरका ज्ञानोदय आवि र हात्तिलुङमाविमा ५०/५० लाख बरावरको ४ कोठे भवन निर्माणको लागि छनौट भइ कार्यनिर्माणधिन रहेका छन् । त्यस्तै महेन्द्र नरेशमावि र शाहारादेवी आविमा ICT व्यवस्थापनको लागि ६ लाख ५० हजारको दरले २ विद्यालयमा ICT LAB स्थापना भएका छन् ।

### ढ) विद्यालय/ परीक्षा अनुगमन

पालिका स्तरमा शैक्षिक तथा परीक्षालाइ मर्यादित बनाउन विभिन्न मितिहरुमा परीक्षा सम्बन्धि कार्यक्रमको अनुगमन भएका छन् । यस्तै शिक्षा समितिको संयोजक गाउँपालिकाका अध्यक्ष श्री यम बहादुर चिदी सामाजिक विकास समितितका संयोजक राजकुमार पन्थी शिक्षा संयोजक प्रेम बारघरे शिक्षा सहायक अमृत अधिकारी लगायतको सहभागिता भइ विभिन्न विद्यालयहरुमा सुझाव समेत दिनुभएको थियो ।






### ण) उत्कृष्ट शिक्षक विद्यार्थी पुरस्कृत तथा सम्मान कार्यक्रम

माथागढी गाउँपालिकाको १२ औ गाउँसभाको अवसरमा गाउँपालिका भित्रका उत्कृष्ट प्रअहरुकफ तर्फबाट महेन्द्र नरेशमाविमा छविन्द्रलाल विक मावि शिक्षकहरुबाट सौभाग्यमाविका इन्दिरा गैरे देवकोटा निमावि शिक्षकहरुबाट सातपोखरी माविका विन्दु अधिकारी र प्रावि शिक्षकहरु मध्येबाट सिर्जना प्राविका टेकबहादुर रेश्मी पुरस्कृत भएका थिय । त्यस्तै उत्कृष्ट विद्यार्थी पुरस्कृत तथा सम्मान समेत गरिएको थियो । त्यस्तै १३ औ गाउँसभाको अवसरमा गाउँपालिकाका विभिन्न विद्यालयहरुमा लामो समय सेवा गरी सेवा निवृत्त शिक्षकहरुलाइ शिक्षा क्षेत्रमा योगदान दिएवापत पालिकाद्वारा सम्मान समेत गरिएको छ ।



**त) सामाजिक विकास समितिको नीति कार्यक्रममाथि छलफल**

गाउँपालिकाको सामाजिक विकास समितिको आयोजनामा विद्यालयका शिक्षक,विव्यस र कर्मचारीहरुको बीचमा आव २०७९।०८० को वार्षिक प्रगति समिक्षा तथा आव २०८०/०८१ को नीति कार्यक्रम र बजेटका बिषयमा छलफल भएको छ । जसबाट नीति निर्माण र बजेटका सन्दर्भमा विद्यालयको माग तथा अपेक्षाहरु समेत छलफल भयो । कार्यक्रम सामाजिक विकास समितिका संयोजक राजकुमार पन्थीको अध्यक्षाता र पालिका अध्यक्ष श्री यमबहादुर चिदीज्यूको प्रमुख आतित्यता र योजना अधिकृत नित्यान्द खनालको संचालनमा भएको थियो । कार्यक्रममा पालिका भित्रका ४१ विद्याद्यालय तथा स्वास्थ्य संस्थाहरुको प्रमुख तथा प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।




**थ) अभिभावक विहिन बालबालिकाको शैक्षिक अभिभावकत्व वहन**

गाउँपालिकाको आव २०७९।०८० मा पालिका भित्रका विभिन्न विद्यालयहरुमा माथागढी गाउँपालिका भित्रका शैक्षिक संस्थाहरुमा अध्ययन गर्नको लागि अभिभावक विहीन बालबालिकाहरुको शैक्षिक अभिभावकत्व पालिकाले लिने निर्णय भए अनुसार विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको वडा कार्यालयको सिफारिस र विद्यालयको सिफारिसको आधारमा कार्यविधि २०७९ बमोजिम ४१ जना विद्यार्थीलाइ १० हजारका दरले ४ लाख १० हजार रकम प्रदान गरेको छ । जसले अभिभावक विहिन बालबालिकाहरुलाइ शैक्षिक पहुँचमा सहयोग गरेको छ । अनुसार अभिभावक विहिन बालबालिकालाई विद्यालय शिक्षा (बाल कक्षादेखि कक्षा १२ सम्म) अध्ययन गर्नका लागि यस पालिका भित्रको पायक पर्ने विद्यालयमा अध्ययन गर्न आवश्यक पर्ने खर्चलाई शैक्षिक अभिभावकत्वका रुपमा लिइनेछ । जसमा विद्यालयमा तिर्नु पर्ने रजिष्ट्रेशन, परीक्षा लगायतका शुल्कहरु, आवश्यक पर्ने न्यूनतम कापी, कलम लागयतका शैक्षिक समाग्री, पोशाक सर्ट, पेन्ट, स्वेटर, मोजा, जुत्ता, सदन पोशाक, स्कूल झोला आदि सम्बन्धित विद्यालय मार्फत वितरण गरिएको छ ।

## द) शिक्षकलाइ ल्यापटप खरिदमा सहयोग अनुदान

गाउँपालिकाको आव २०७९।०८० मा पालिका भित्रका विभिन्न विद्यालयहरुमा माथागढी गाउँपालिका भित्रका शैक्षिक संस्थाहरुमा अध्ययापनरत शिक्षकहरुलाइ शैक्षिक गतिविधिमा सहयोग पुर्याउने उद्देश्यले प्रतिशिक्षक १० हजारको दरले १५ जना शिक्षकलाइ १ लाख ५० हजार सहयोग अनुदान वितरण गरिएको छ ।

## ध) संघीय सरकार ससर्त कार्यक्रमहरु

विद्यालयमा कार्यरत शिक्षक कर्मचारी बाल विकास सहजकर्ताहरुलाइ नियमित रुपमा तलव भत्ता वितरण, छात्राछात्रवृत्ति, अपाङ्ग दलित छात्रवृत्ति वितरण सम्बन्धित विद्यालय मार्फत गरिएको छ । यस्तै कक्षा १-१२ को लागि निशुल्क पाठ्यपुस्तक अनुदान विद्यालय संचालन तथा व्यवस्थापन अनुदान सेनिटेरी प्याड वितरण लगायतका नियमित कार्यहरु समेत गरिएको छ ।

## न) शिक्षक कर्मचारी अनुदान

गाउँपालिकाले समेत न्यून दरबन्दी भएका विद्यालयहरुमा शिक्षक अनुदान व्यवस्थापन गरी शैक्षिक गतिविधिमा सहयोग गरेको छ । जसमा ८ वटा शिक्षक व्यवस्थापन गरी तिनीहरुको खर्च व्यवस्थापन समेत पालिकाले गरेको छ । यस्तै बालविकास सहजकर्ता र लेखा कर्मचारीको तलबमा समेत पालिकाले आन्तरिक स्रोत व्यवस्थापन गर्दै रकम थप गरेको छ ।

## प) स्काउट/ रेडक्रसका कार्यक्रम

पालिका स्तरमा स्काउट तालिम स्काउट तालिम संचालन गरी विभिन्न विद्यालयहरुमा स्काउट टुप क्लव गठन तथा रेडक्रस सर्कलहरु गठन गरिएको छ । यस्तै रेडक्रससँगको सहकार्यमा बक्तृत्वकला प्रतियोगिता समेत गरिएको छ । प्रतियोगितामा




दिव्यज्योति मावि प्रथम र सौभाग्य मावि दोस्रो स्थान हाँसिल भइ जिल्ला स्तरीय प्रतियोगितामा समेत सहभागिता जनाएका छन् ।





### फ) शिक्षक कर्मचारी विमा कार्यक्रम

पालिका स्तरका विद्यालयमा कार्यरत शिक्षक र कर्मचारीहरुको लागि शिक्षक कर्मचारी दुर्घटना तथा उपचार विमा कार्यक्रम संचालन गरी सबै शिक्षक र कर्मचारीहरुको विमा गरिएको छ । यसमा ६ सय बढी सेवाग्राहीहरु लाभान्वित भएका छन् । दुर्घटना भएमा पटक पटक गरी १ लाख सम्म र मृत्यु भएमा ७ लाख ४० पाउने गरी एक वर्षका लागि दुर्घटना विमा गरिएकोछ । यसमा ४ सय ५० जना शिक्षक ४४ जना जनप्रतिनिधि र १ सय ४० जना कर्मचारीहरु सहभागि भएका छन् ।

### ब) नमुना विद्यालय कार्यक्रम

माथागढी गाउँपालिका वडा नं-३ मा रहेको दिव्यज्योति माध्यमिक विद्यालयमा नमुना विद्यालय कार्यक्रम अन्तर्गतका गतिविधिहरु संचालन भएका छन् । केन्द्रबाट छनौट भएको नमुना विद्यालय कार्यक्रम अन्तर्गत विद्यालयको नयाँ भवन, स्कुल बस आदि भौतिक तथा शैक्षिक पूर्वाधारहरु विकास भएका छन् ।



भ) प्राविधिक धार विद्यालय संचालन



माथागढी गाउँपालिका वडा नं-१ मा रहेको सौभाग्य माध्यमिक विद्यालयमा प्राविधिक धार इलेक्ट्रिकल इन्जिनियरिङ विद्यालय कार्यक्रम अन्तर्गतका गतिविधिहरु संचालन भएका छन् । केन्द्रबाट छनौट भएको प्राविधिक धार विद्यालय कार्यक्रम अन्तर्गत विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारहरु विकास भएका छन् ।

म) मातृभाषाको पाठ्यपुस्तक प्रकाशन

माथागढी गाउँपालिका अन्तर्गतका वडा नं. १ चिदीपानीको जाउपोखरा आ.वि. र नवजागृत प्रा.वि.मा मातृभाषा मगरीमा अध्ययन अध्यापन हुँदै आएकोमा पाठ्यपुस्तकको अभाव रहेकाले माथागढी गाउँपालिकाले कक्षा १ र २ को मातृभाषाको पाठ्यपुस्तक प्रकाशन गरी पठनपाठनको व्यवस्था मिलाइएको छ ।

य) पालिका स्तरीय अतिरिक्त क्रियाकलाप संचालन

माथागढी गाउँपालिकाका ४५ वटा विद्यालयहरुलाई संलग्न गरेर विभिन्न अतिरिक्त क्रियाकलापहरु संचालन गरिएको छ । बाल दिवसका अवसरमा चित्रकला प्रतियोगिता, हाजिरीजवाफ प्रतियोगिता वडा स्तरमा तथा पालिका स्तरमा, निवन्ध लेखन प्रतियोगिता संचालन गरिएको छ । विद्यार्थीहरुको अन्तरनिहित प्रतिभा प्रष्फुटन गर्न तथा प्रोत्साहन गर्न यस्ता प्रतियोगितात्मक कार्यक्रमले ठूलो सहयोग गरेकोछ । पालिका स्तरीय अतिरिक्त क्रियाकलाप समिति मार्फत शिक्षा शाखाले ८ वटै वडामा सबै विद्यालय समावेश गरेर सबैतहका विद्यार्थीहरु पर्ने गरी विभिन्न बौद्धिक कार्यक्रम सम्पन्न गरिएकोछ ।

र) कक्षा ११ का विद्यार्थीलाई पोशाक अनुदान

माथागढी गाउँपालिकाका कक्षा ११ संचालन भएका विद्यालयहरुमा विद्यार्थीको भर्नादर कम हुँदै गएको अवस्थालाई मध्यनजर गर्दै कारण पत्ता लगाउँदा अन्य नजिकका पालिकाका विद्यार्थीहरुको आकर्षक पोशाक रहेको पाइएकाले यस पालिकामा अध्ययन गर्ने कक्षा ११ का विद्यार्थीहरुलाई पालिका स्तरीय पोशाक प्रदान गर्ने निर्णय भएकाले जम्मा ३०० जना विद्यार्थीहरुलाई उनीहरुको लागत सहभागितामा पोशाक प्रदान गरिएकोछ ।

ल) स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक छपाइ

माथागढी गाउँपालिकाको पहिचानका रुपमा रहेको स्थानीय पाठ्यक्रमलाई कक्षा १ देखि ८ सम्म लागुगर्ने कार्यपालिकाको निर्णयलाई कार्यान्वयन गर्ने  हाम्रो माथागढी नामक पाठ्यक्रम निर्माण गरिएकोछ । हाल कक्षा १ देखि ८ सम्मकै स्थानीय पाठ्यक्रम निर्माण भएकोछ भने कक्षा १ र ६ को पाठ्यपुस्तक पनि निर्माण भएकोछ । विद्यार्थीहरु सबैलाई पुग्ने गरी पाठ्यपुस्तक र विद्यालयहरुलाई पाठ्यक्रम यसबर्ष छपाई गरी वितरण गरिएकोछ ।

**व) पढ्दै कमाउँदै नमूना विद्यालय निर्माण कार्यक्रम**

विद्यार्थीहरुलाई पढ्दै कमाउदै गर्न र सीप सिक्ने साथै श्रम प्रति सम्मान राख्ने बनाउन माथागढी वडा नं. ७ को महेन्द्र नरेश मा.वि.मा नमूना विद्यालय निर्माण कार्यक्रम अन्तर्गत हाउस वायरिंग र कृषिमा विद्यार्थीहरुलाई संलग्न गराउने कार्यक्रम संचालन गरिएकोछ ।

<u>विद्यालय भवन निर्माण</u>





माथागढी गाउँपालिका वडा नं १ चिदीपानी एक्लेवरमा रहेको ज्ञानोदय प्राथमिक विद्यालयको भवन निर्माण सम्पन्न भएको छ । जापानी नागरिक ओकेबाजेको सहयोगमा चारकोठे भवन निमार्ण सम्पन्न भएको हो । विव्यस अध्यक्ष तथा वडा अध्यक्ष राजकुमार पन्थीको नयाँ व्यवस्थापन र सकृयतामा तोकिएकै समय अगावै निर्माण सम्पन्न गरी हस्तान्तरण भएको छ । भवन निर्माण हस्तान्तरण कार्यक्रममा संघीय सांसद ठाकुर गैरे नारायण आचार्य लगायतको महानुभावहरुको सहभागिता रहेको थियो । यस्तै गाउँपालिकाबाट विनियोजित राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत ५० लाख रकमको अर्को चारकोठे भवन निर्माण समेत तीव्र रुपमा चलिरहेको छ ।

यस्तै गाउँपालिकाबाट विनियोजित राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत ५० लाख रकमको हात्तिलुङ मावि मा समेत चारकोठे भवन निर्माण समेत तीव्र रुपमा चलिरहेको छ ।





| माथागढी गाउँपालिका शिक्षा शाखा पाल्पा | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| SEE नतिजा विश्लेषण २०७९ | | | | | | | | | | | |
| | | | | GPA | | | | | | | |
| | | | एसइइमा सम्मेलित | Outstanding | Excellent | Very Good | Good | Satisfactory | Acceptable | Basic | Non-graded |
| क्रसं | विद्यालयको नाम | ठेगाना | विद्यार्थी संख्या | 4 | 3.6- 4 Bellow | 3.2- 3.6 Bellow | 2.8- 3.2 Bellow | 2.4- 2.8 Bellow | 2- 2.4 Bellow | 1.6- 2 Bellow | 0-1.6 Bellow |
| १ | शौभाग्य मावि | माथागढी-१ | 52 | 0 | 3 | 3 | 9 | 10 | 8 | 14 | 5 |
| २ | कर्णधार मावि | माथागढी-२ | 14 | 0 | 0 | 1 | 1 | 1 | 3 | 6 | 2 |
| ३ | दिव्यज्योती मावि | माथागढी-३ | 108 | 0 | 0 | 1 | 1 | 8 | 16 | 31 | 49 |
| ४ | रत्न मावि | माथागढी-४ | 32 | 0 | 1 | 0 | 0 | 3 | 8 | 18 | 2 |
| ५ | किसान मावि | माथागढी-४ | 39 | 0 | 0 | 0 | 3 | 4 | 4 | 23 | 5 |
| ६ | हात्तिलुङ मावि | माथागढी-५ | 19 | 0 | 0 | 0 | 0 | 2 | 5 | 11 | 1 |
| ७ | सातपोखरी मावि | माथागढी-६ | 24 | 0 | 0 | 0 | 3 | 3 | 8 | 10 | 0 |
| ८ | ग्रामोदय मावि | माथागढी-६ | 20 | 0 | 0 | 0 | 0 | 1 | 7 | 7 | 5 |
| ९ | सिद्धार्थ मावि | माथागढी-७ | 35 | 0 | 0 | 0 | 1 | 4 | 7 | 14 | 7 |
| १० | महेन्द्र नरेश मावि | माथागढी-७ | 21 | 0 | 0 | 0 | 0 | 5 | 8 | 7 | 1 |
| ११ | धारादेवी मावि | माथागढी-८ | 25 | 0 | 0 | 0 | 0 | 3 | 6 | 12 | 4 |
| १२ | माउन्ट भ्याली इवो | माथागढी-३ | 32 | 0 | 0 | 8 | 8 | 11 | 4 | 0 | 0 |
| १३ | सनराइज इवो | माथागढी-२ | 15 | 0 | 0 | 0 | 3 | 6 | 2 | 2 | 1 |
| | जम्मा | साधारण तर्फ | 420 | 0 | 4 | 13 | 29 | 61 | 86 | 155 | 82 |
| | | प्राविधिक तर्फ | 16 | | | | | | | | |
| | कुल जम्मा | | 436 | | | | | | | | |

## सक्षम (QEQS) कार्यक्रम सम्पन्न गरिएका कार्यहरुको संक्षिप्त विवरण :-

**वृटिस काउन्सिसँग सम्झौता** : माथागढी गाउँपालिकाको तर्फबाट ब्रिटिश काउन्सीलको कार्यालय काठमाडौंमा १३ साउन २०८९ मा कार्यक्रम सम्झौताका भएको। जसमा गाउँपालिका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र कार्यक्रम संयोजकले ब्रिटिश काउन्सीलका कन्ट्री डाइरेक्टर र कार्यक्रमका जिम्मेवार व्यक्तिहरुसंग छलफल गरिएको ।







**Learning visit सम्पन्न :** गाउँपालिका अध्यक्ष र टिमलाई सक्षम कार्यक्रम लागु भैसकेको नवलपुर जिल्लाको कावासोती नगरपालिकामा ४ दिने Learning visit सम्पन्न गरिएको। मिति २०७९।०५।१५ देखि १८ सम्म। जसबाट कार्यक्रमको औचित्य र प्रकृयाका बारेमा जानकारी भएको ।

**Baseline survey गराउने कार्य सम्पन्न** : माथागढी गाउँपालिकाको वर्तमान शैक्षिक अवस्था पत्तालगाउनका लागि २०८०।०५। १० गते देखि १५ गते सम्म Baseline survery गराउने कार्य

सम्पन्न । ८ वटै वडाका नमूना छनोट अनुसार विभिन्न तहका विद्यालयहरुको अनुगमन तथा विभिन्न विषयका शिक्षकहरुको कक्षा अवलोकन गरिएको ।

**फोकल ग्रुप डिस्कसन** : मिति २०८०।०५।११ शिक्षासंग सरोकारवालाहरुको सहभागितामा गाउँपालिका सभाहलमा फोकल ग्रुप डिस्कसन कार्य सम्पन्न गरेको । सबै वडा र तहका विद्यालयहरुको सहभागिता हुने गरी कार्यपालिका, वि.व्य.स. अध्यक्ष, प्रधानाध्यापक, शिक्षक, अभिभावक तथा विद्यार्थीहरु सहभागि गराएर वर्तमान अवस्था बुझ्ने र सक्षम कार्यक्रमका बारेमा बताउने कार्य सम्पन्न गरिएको ।




**अंग्रेजी शिक्षकहरुलाई पेडागोजी तालिम** : पालिकाका सम्पूर्ण विद्यालयहरु समावेश हुनेगरी सम्पूर्ण अंग्रेजी शिक्षकहरुलाई मिति २०७९।०५।२४ देखि २९ गते सम्म ६ दिने पेडागोजी तालिम दिइएको । तालिम २ क्षेत्र, वडा नं. १, २ र ३ को दिव्यज्योति मा.वि. मा १ समूह र वडा नं. ४, ५, ६, ७ र ८ को गाउँपालिका सभाहलमा सम्पन्न गरिएको । जसमा सम्पूर्ण विद्यालयको सहभागिता भएको ।

**बैठक तथा छलफल** : ब्रिटिश काउन्सिलसंग महिनाभरमा गरिएका कार्यक्रम र आगामी कार्यक्रमका बारेमा अनलाईन बैठक गरिएको । शिक्षा शाखा प्रमुखलाई सक्षम कार्यक्रम लागु भएका पालिकाका सम्पूर्ण शिक्षा प्रमुखहरुको बैठक नवलपुर जिल्लाको कावासोती नगरपालिकामा सहभागी हुनुभएको । सिकाइ आदानप्रदान भएको ।

**अनलाईनमा क्षमताको तह निर्धारण** : पालिकाका अंग्रेजी शिक्षकहरुलाई समावेश गरेर अनलाईनमा क्षमताको तह निर्धारण गराएको । यूकेको संस्थाले सहजिकरण गरेको उक्त कार्यको नतिजामा धेरै शिक्षकहरु न्यूनतम आधारभूत कुराहरु समेत नजानेको देखिएको । समग्र पालिकाको तह A2 प्राप्त भएको ।

**अगुवा शिक्षक तालिम** : २०७९।०६।०२ देखि ०७ सम्म पोखरामा भएको माथागढीका अगुवा शिक्षकहरुलाई प्रशिक्षक बनाउने तालिममा १५ जना सहभागि गराएको साथै उपस्थिति पनि जनाएको ।

यस्तै मिति २०७९।०८।२४ गते देखि २७ गतेसम्म गाउँपालिकाका सम्पूर्ण विद्यालयका प्रधानाध्यापक तथा सहायक प्रधानाध्यापकहरुलाई समाहित शिक्षा तथा नेतृत्व सम्बन्धि तालिम प्रदान गरिएको ।

**अनलाईन लाइभसेसन तथा गुगल क्लासरुमामा कक्षा संचालन** : पुस २०७९ मा माथागढीका शिक्षकहरुलाई नियमित लेविस स्कूल अफ इङ्गलिशसंगको सहकार्यमा हप्ताको २ घण्टा विहिबार र

शुक्रबार अनलाईन लाइभसेसन तथा गुगल क्लासरुमामा कक्षा संचालन गरिएको । त्यसबाट ३८ जना शिक्षक प्रत्यक्ष लाभान्वित भएका साथै १८ जनाले सम्पूर्ण कोर्ष पुरा गर्नुभएको ।

**सरोकारवाला विच छलफल** : मिति २०७९।०९।१३ गते ब्रिटिश काउन्सील स्टाफ, सम्पूर्ण सरोकारवाला पक्ष र पत्रकारहरु सहित तानसेन पाल्पाको होटल श्रीनगरमा शेयररिंग कार्यक्रम सम्पन्न गरिएको ।

**शिक्षकहरुलाई प्रोफिसियन्सी तालिम** : मिति २०७९।१०।२४ देखि २९ सम्म सम्पूर्ण अंग्रेजी शिक्षकहरुलाई प्रोफिसियन्सी तालिम सम्पन्न गरेको । शिक्षकहरुलाई Cambridge Elementary English Empower Student's book A2 वितरण गरिएको । गाउँपालिकाका ६ वटा विद्यालयहरुमा बहुभाषिक अभ्यास सम्बन्धी अध्ययन गरिएको

**अध्ययन भ्रमण** : मति २०७९।११।२८ देखि चैत्र ३ गते सम्म गाउँपालिका अध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृतलाई बेलायतको लण्डनका विद्यालय र शिक्षण प्रणाली अध्ययन भ्रमण गरेको । मिति २०७९।१२।०३ देखि ५ सम्म श्रीलंकाको कोलम्बोमा माथागढीमा भएको क्यास्केड मोडलमा शिक्षक क्षमता विकास सम्बन्धमा प्रिजेन्टेशन दिन सहभागि ।

**Teachers' club गठन** : माथागढी गाउँपालिकाका अंग्रेजी शिक्षकहरुलाई Teachers' club मा संलग्न गरेर विद्यालयमा कक्षाकोठाका शिक्षण सिकाइ क्रियाकलाप गर्दा आएका चुनौती तथा अवसरहरु समूहमा छलफल गर्ने र विज्ञसंग सधैं नजिक रहिरहने अवसर प्रदान गर्न कार्य सम्पादन गरिएको । मिति २०८०।०१।२४ र २५ गते दुबै समूहका शिक्षकहरुलाई गाउँपालिका सभाहलमा अभिमुखिकरण गरिएको । उक्त कार्यक्रममा Teachers' club book वितरण गरिएको ।

**कक्षा अवलोकन** : २०८०।०२।२९ देखि २०८०।०३।०१ सम्म माथागढी गाउँपालिकाका ११ वटा विद्यालयका १६ जना पेडागोजी तथा प्रोफिसियन्सी तालिम लिएका शिक्षकहरुको कक्षा अवलोकन गरिएको । संलग्न प्रतिवेदन अनुसारका विद्यालयका शिक्षकहरुको कक्षा अवलोकन गर्दा नतिजा सकारात्मक परिवर्तन प्राप्त भएको ।

**सीप निर्माण कार्यशाला** :- मिति २०८०।०३।१२ गते देखि १५ गते सम्म माथागढी गाउँपालिकाका सम्पूर्ण विद्यालयका विद्यालय व्यवस्थापन समिति अध्यक्ष, प्रधानाध्यापक तथा शिक्षक अभिभावक संघका अध्यक्षहरुलाई समावेश गरेर कार्यशाला सम्पन्न गरिएको । उक्त कार्यशालाले विद्यालय सुधार योजना निर्माण गर्न सक्ने गरी क्षमता विकास गरेको । लक्षित समूहमा १३५ जना रहेको ।






माथागढी गाउँपालिका भित्रको विद्यालय र विद्यार्थी संख्या विवरण शैक्षिक सत्र २०८०

| MATHAGADHI RM School Year : 2080-81 | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| IEMIES DATA STUDENT & SCHOOL | | | ECD/PPC | | | G1-5 | | | G6-8 | | | G9-10 | | |
| S.N. | Code | Name | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total |
| | 002 | Mathagadhi RM (80105326) | 392 | 478 | 870 | 978 | 992 | 1970 | 601 | 618 | 1219 | 474 | 420 | 894 |
| 1 | 470030001 | Chandradevi Pra V | 6 | 6 | 12 | 6 | 14 | 20 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 2 | 470030002 | Bal Bikash basic school | 4 | 9 | 13 | 45 | 34 | 79 | 19 | 23 | 42 | 0 | 0 | 0 |
| 3 | 470030003 | Dharadevi Ma V | 4 | 3 | 7 | 15 | 14 | 29 | 25 | 17 | 42 | 27 | 22 | 49 |
| 4 | 470140001 | Shivdeep Pra V | 0 | 0 | 0 | 6 | 4 | 10 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 5 | 470140002 | Bhupati Pra V | 5 | 1 | 6 | 9 | 18 | 27 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 6 | 470140003 | Gyanodaya Basic School | 22 | 17 | 39 | 41 | 36 | 77 | 11 | 15 | 26 | 0 | 0 | 0 |
| 7 | 470140004 | Navajagrit Pra V | 4 | 8 | 12 | 17 | 11 | 28 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 8 | 470140006 | Adarsha Adharbhut Vidyalaya | 6 | 4 | 10 | 14 | 16 | 30 | 14 | 13 | 27 | 0 | 0 | 0 |
| 9 | 470140007 | Jau Pokhara Adharbhut Vidyalaya | 4 | 1 | 5 | 20 | 9 | 29 | 12 | 21 | 33 | 0 | 0 | 0 |
| 10 | 470140008 | Saubhagya Ma V | 13 | 14 | 27 | 27 | 36 | 63 | 35 | 38 | 73 | 98 | 90 | 188 |
| 11 | 470260001 | Laxmi Basic School | 0 | 1 | 1 | 9 | 7 | 16 | 0 | 2 | 2 | 0 | 0 | 0 |
| 12 | 470260002 | Shree Srijana Basic School | 14 | 8 | 22 | 22 | 10 | 32 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 13 | 470260003 | Siddha Basic School | 3 | 4 | 7 | 13 | 14 | 27 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 14 | 470260004 | Gramodaya secondry school | 9 | 11 | 20 | 43 | 30 | 73 | 27 | 33 | 60 | 21 | 17 | 38 |
| 15 | 470260005 | Adarsha Basic school | 6 | 6 | 12 | 21 | 24 | 45 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 16 | 470260006 | Hattilung Madhyamik Vidyalaya | 0 | 0 | 0 | 42 | 38 | 80 | 26 | 35 | 61 | 34 | 41 | 75 |
| 17 | 470260007 | Satpokhari Secondary School | 9 | 9 | 18 | 36 | 40 | 76 | 43 | 48 | 91 | 36 | 34 | 70 |
| 18 | 470310001 | Chitrechhap basic school | 1 | 1 | 2 | 1 | 5 | 6 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 19 | 470310002 | Shivawani Basic School | 1 | 2 | 3 | 8 | 10 | 18 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 20 | 470310003 | Sarada Basic School | 2 | 1 | 3 | 12 | 6 | 18 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 21 | 470310004 | Ratna Basic School | 4 | 6 | 10 | 9 | 11 | 20 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 22 | 470310005 | Yogheswor Basic School | 6 | 2 | 8 | 12 | 8 | 20 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 23 | 470310006 | Janapriya Basic School | 5 | 3 | 8 | 18 | 19 | 37 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 24 | 470310007 | Karnadhar Basic School | 4 | 3 | 7 | 11 | 7 | 18 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 25 | 470310008 | Ratna Ma V | 11 | 12 | 23 | 24 | 20 | 44 | 48 | 47 | 95 | 34 | 20 | 54 |
| 26 | 470310009 | Kisan Ma V | 2 | 11 | 13 | 35 | 36 | 71 | 58 | 50 | 108 | 36 | 38 | 74 |
| 27 | 470310010 | Mount Malika English Boarding School | 10 | 20 | 30 | 20 | 36 | 56 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 28 | 470310011 | Jhadewa Valley Ebs | 13 | 23 | 36 | 13 | 13 | 26 | 2 | 2 | 4 | 0 | 0 | 0 |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 29 | 470360001 | Bikram Basic School | 0 | 2 | 2 | 8 | 10 | 18 | 19 | 15 | 34 | 0 | 0 | 0 | 0 | 0 |
| 30 | 470360002 | Kaude Pra V | 2 | 11 | 13 | 23 | 22 | 45 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 31 | 470360003 | Jalpa Devi Pra V | 3 | 4 | 7 | 8 | 7 | 15 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 32 | 470360004 | Jan Uddhar Pra V | 2 | 2 | 4 | 3 | 2 | 5 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 33 | 470360005 | Siddhababa Basic School | 2 | 6 | 8 | 10 | 12 | 22 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 34 | 470360006 | Mount Valley English School | 47 | 79 | 126 | 96 | 109 | 205 | 32 | 50 | 82 | 4 | 17 | 21 | 0 | 0 |
| 35 | 470360007 | Divya Jyoti Ma VI | 68 | 81 | 149 | 91 | 102 | 193 | 102 | 82 | 184 | 122 | 84 | 206 | 0 | 0 |
| 36 | 470360008 | Sahara Devi Model Basic School | 22 | 17 | 39 | 51 | 40 | 91 | 40 | 36 | 76 | 0 | 0 | 0 | 0 | 0 |
| 37 | 470520001 | Saraswoti Pra V | 0 | 0 | 0 | 3 | 9 | 12 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 38 | 470520002 | Mahendra Naresh Pra V | 2 | 2 | 4 | 23 | 29 | 52 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 39 | 470520003 | Mahendra Naresh Secondary School | 5 | 10 | 15 | 16 | 23 | 39 | 31 | 38 | 69 | 20 | 23 | 43 | 0 | 0 |
| 40 | 470520004 | Batas Chule Devi Pra V | 3 | 4 | 7 | 9 | 14 | 23 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 41 | 470520005 | Siddhartha Secondary School | 15 | 11 | 26 | 36 | 45 | 81 | 42 | 41 | 83 | 33 | 26 | 59 | 27 | 28 |
| 42 | 470550001 | Sapangdi Pra V | 0 | 0 | 0 | 6 | 4 | 10 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 43 | 470550002 | Buddhi Bikash Pra V | 7 | 11 | 18 | 37 | 20 | 57 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 44 | 470550003 | Karnadhar Ma V | 3 | 5 | 8 | 9 | 18 | 27 | 15 | 12 | 27 | 9 | 8 | 17 | 0 | 0 |
| 45 | 470550004 | Sun Rise Public Ebs | 43 | 47 | 90 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |

## २.२ स्वास्थ्य

नेपालको संबिधान २०७२ को धरा ३५ मा **"प्रत्येक नागरिकलाई राज्यबाट आधारभुत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन"** तथा जनस्वास्थ्य ऐन २०७५ को दफा ३ को उपदफा (४) मा **"आधारभुत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने हक हुनेछ"** भनि उल्लेख भएकोमा यस माथागढी गाउँपालिकाले स्थानीय तह स्थापनाकाल देखिनै स्वास्थ्यका क्षेत्रमा बिभिन्न कार्यक्रमहरु संचालन गर्दै आएको छ । जसका कारण स्वास्थ्य सेवालाई नागरिकको सहज पहुँचमा पुरयाइ आधारभुत स्वास्थ्य सेवा सहज र सरल बनाउन प्रयासरत रहँदै आएको छ ।

स्वास्थ्य सेवामा मुलतः प्रतिकारात्मक सेवा, प्रबर्धनात्मक सेवा, उपचारात्मक सेवा, पुनर्स्थानात्मक सेवा र प्रशामक सेवा प्रदान गरिने भएता पनि स्थानीय तहमा जनताको आशा तथा अपेक्षा उपचारात्मक सेवामा बढी रहेको छ । आठ वटा वडा रहेको यस गाउँपालिकामा आ ब ०७८/७९ सम्म ७ वटा स्वास्थ्य चौकी र २ वटा सामुदायिक स्वास्थ्य ईकाइ रहेकोमा आ ब ०७९/८० मा थप ५ वटा सामुदायिक स्वास्थ्य ईकाइ थप स्थापना गरि हाल ७ वटा स्वास्थ्य चौकी र ७ वटा सामुदायिक स्वास्थ्य ईकाइ रहेको छ । एक वटा आयुर्बेद स्वास्थ्य औषधालय, २१ वटा गाउँघर क्लिनिक र २२ वटा खोप क्लिनिक मासिक रुपमा संचालनमा रहेका छन् भने ६३ जना महिला सामुदायिक स्वास्थ्य स्वयं सेबिकाहरु समुदाय स्तरमा रहेर काम गर्नु भएकोछ । स्थानीय तह स्थापना अधि १ वटा मात्र बर्थिङ्ग सेन्टर झडेवा स्वास्थ्य चौकीबाट मात्र सेवा प्रदान गर्दै आएकोमा स्थानीय तहले सुरक्षित मातृत्व कार्यक्रम प्रबर्धनका लागि स्वास्थ्य चौकी रहेको सात वटै वडाहरु चिदीपानी, रुप्से, कसेनी, गोठादी, रहवास र बहादुरपुर स्वास्थ्यचौकीहरुमा बर्थिङ्ग सेन्टरहरु संचालन गर्नका लागि कर्मचारी, औजार तथा उपकरण लगायतको सामाग्री ब्यवस्थापन गरेकोमा गोठादी बाहेकका स्वास्थ्य संस्थामा बर्थिङ्ग सेन्टर संचालन गरी सेवाप्रदान गरेको छ भने गोठादी स्वास्थ्य चौकीमा सेवा संचालनको अन्तिम तयारीमा रहेको छ । त्यस्तै सात वटै स्वास्थ्य चौकीबाट जनस्वास्थ्य प्रयोगशाला ल्याबसेवा संचालनमा रहेको छ ।

**स्वास्थ्य संस्थाको बिवरण :**

| सि नं | वडा नं | सेवा केन्द्रको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १ | १ | चिदीपानी स्वास्थ्य चौकी | माथागढी १ चिदीपानी | |
| २ | | धैरेनी सा स्वा ईकाइ | | |
| ३ | | चिदीपानी आयुर्बेद औषधालय | | |
| ४ | २ | रुप्से स्वास्थ्य चौकी | माथागढी २ रुप्से | |
| ५ | ३ | कसेनी स्वास्थ्य चौकी | माथागढी ३ कसेनी | |
| ६ | | शिकारकोट सा स्वा ईकाइ | | |

| | | | |
|---|---|---|---|
| ७ | ४ | झडेवा स्वास्थ्य चौकी | माथागढी ४ झडेवा |
| ८ | | देवगिर सा स्वा ईकाइ | |
| ९ | ५ | हात्तिलुङ सा स्वा ईकाइ | माथागढी ५ हात्तिलुङ |
| १० | ६ | गोठादी स्वास्थ्य चौकी | माथागढी ६ गोठादी |
| ११ | | भुटुके सा स्वा ईकाइ | |
| १२ | ७ | रहवास स्वास्थ्य चौकी | माथागढी ७ रहवास |
| १३ | | मटेरी सा स्वा ईकाइ | |
| १४ | ८ | बहादुरपुर स्वास्थ्य चौकी | माथागढी ८ बहादुरपुर |
| १५ | | ताकातुङ सा स्वा ईकाइ | |

**गाउँघर क्लिनिक, खोप क्लिनिक तथा म.सा.स्वा.स्वयंसेविकाहरुको बिवरण :**

| सि नं | वडा नं | सेवा केन्द्रको नाम | ठेगाना | गाउँघर क्लिनिक संख्या | खोप क्लिनिक संख्या | म.स्वा.स्व. से. संख्या | कै |
|---|---|---|---|---|---|---|---|
| १ | १ | चिदीपानी स्वास्थ्य चौकी | माथागढी १ चिदीपानी | ४ | ३ | ९ | |
| २ | २ | रुप्से स्वास्थ्य चौकी | माथागढी २ रुप्से | ३ | २ | ९ | |
| ३ | ३ | कसेनी स्वास्थ्य चौकी | माथागढी ३ कसेनी | २ | ३ | ७ | |
| ४ | ४ | झडेवा स्वास्थ्य चौकी | माथागढी ४ झडेवा | ३ | ३ | ९ | |
| ५ | ५ | हात्तिलुङ सा स्वा ईकाइ | माथागढी ५ हात्तिलुङ | २ | ३ | ६ | |
| ६ | ६ | गोठादी स्वास्थ्य चौकी | माथागढी ६ गोठादी | २ | ३ | ५ | |
| ७ | ७ | रहवास स्वास्थ्य चौकी | माथागढी ७ रहवास | ३ | ३ | ९ | |
| ८ | ८ | बहादुरपुर स्वास्थ्य चौकी | माथागढी ८ बहादुरपुर | २ | २ | ९ | |
| | | | **जम्मा :** | **२१** | **२२** | **६३** | |

**कर्मचारीहरुको बिवरण स्थायी तथा करार समेत :**

| सि नं | वडा नं | सेवा केन्द्रको नाम | पारामेडिक्स | नर्सिङ | ल्याब | का स | जम्मा | कै |
|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | १ | चिदीपानी स्वास्थ्य चौकी | ३ | २ | १ | १ | ७ | |
| २ | | धैरेनी सा स्वा ईकाइ | १ | १ | - | - | २ | |
| ३ | २ | रुप्से स्वास्थ्य चौकी | ३ | ३ | १ | १ | ८ | |
| ४ | ३ | कसेनी स्वास्थ्य चौकी | २ | ३+१ | १ | १ | ७+१ | ने.प.नि.संघबाट १जना |
| ५ | | शिकारकोट सा स्वा ईकाइ | १ | १ | - | - | २ | |
| ६ | ४ | झडेवा स्वास्थ्य चौकी | ३ | ३ | १ | २ | ९ | |
| ७ | | देवगिर सा स्वा ईकाइ | १ | १ | - | १ | ३ | |
| ८ | ५ | हात्तिलुङ सा स्वा ईकाइ | १ | १ | - | - | २ | |
| ९ | ६ | गोठादी स्वास्थ्य चौकी | ३ | ३ | १ | १ | ८ | |
| १० | | भुटुके सा स्वा ईकाइ | १ | १ | - | - | २ | |
| ११ | ७ | रहवास स्वास्थ्य चौकी | ३ | २ | - | १ | ६ | |
| १२ | | मटेरी सा स्वा ईकाइ | - | १ | - | - | १ | |
| १३ | ८ | बहादुरपुर स्वास्थ्य चौकी | ३ | ३ | १ | १ | ८ | १ पालिकामा |
| १४ | | ताकातुङ सा स्वा ईकाइ | १ | १ | - | - | २ | |
| | | **जम्मा :** | २६ | २६+१ | ६ | ९ | ६७+१ | |

## १) उपाध्यक्ष आमा सुरक्षा कार्यक्रम गर्भवतीलाई अण्डा र घरमा हरियो झण्डा :-

मातृ तथा नवशिशु मृत्युलाई कम गर्न, कुपोषणको चक्रलाई तोड्न उपाध्यक्ष आमा सुरक्षा कार्यक्रम गर्भवतीलाई अण्डा र घरमा हरियो झण्डा कार्यक्रम ल्याईएको हो । स्वास्थ्य संस्थामा सुत्केरी हुनुपर्छ, नियमित रुपमा गर्भ जाँच गर्नु पर्छ, पोषणयुक्त खानेकुराहरु खानुपर्छ भन्ने मान्यतालाई स्थापित गर्न र ज्ञान लाई ब्यावहारमा परिबर्तन गर्नका लागि अण्डा बितरण र गर्भावस्था एक संबेदनशील, प्राकृतिक र महत्वपूर्ण अवस्था हो र त्यसमा परिवार र समुदायको समेत महत्वपूर्ण जिम्मेवारी हुन्छ भन्ने उदेश्यले हरियो झण्डा भएको घरमा गर्भवती महिला छिन् र त्यहाँ परिवारका सदस्य, समुदायका नागरिक, स्वास्थ्यकर्मी लगायत सबैको सकारात्मक महत्वपूर्ण भुमिका हुन्छ भन्ने जानकारीको लागि झण्डा बितरण गरिएको छ। यस कार्यक्रममा आ.ब. ०७९/८० को प्रगति बिवरण तपसिल बमोजिम रहेको छः

| सि.नं. | स्वास्थ्य संस्थाको नाम | पहिलो पटक अण्डा बितरण संख्या | झण्डा बितरण संख्या | जम्मा अण्डा बितरण संख्या |
|---|---|---|---|---|
| १ | चिदीपानी स्वास्थ्य चौकी | ३७ | ३७ | १५२ |
| २ | रुप्से स्वास्थ्य चौकी | ३१ | ३१ | १३३ |
| ३ | कसेनी स्वास्थ्य चौकी | ६५ | ६५ | २१० |
| ४ | झडेवा स्वास्थ्य चौकी | ३० | ३० | ११५ |
| ५ | हात्तिलुङ सा स्वा ईकाइ | २१ | २१ | ७७ |
| ६ | गोठादी स्वास्थ्य चौकी | १९. | १९ | ८२ |
| ७ | रहवास स्वास्थ्य चौकी | १५ | १५ | ६२ |
| ८ | बहादुरपुर स्वास्थ्य चौकी | १५ | १५ | ५८ |
| | जम्मा : | २३३ | २३३ | ८८९ |






## २) संस्थागत सुत्केरी प्रोत्साहन कार्यक्रम :-

घरमा हुने सुत्केरीको दरमा कमी ल्याउँदै मातृ तथा शिशुको मृत्युदरमा कमी ल्याउँन र जिरोहोम डेलिभरी वडा तथा पालिका घोषणा कार्यक्रमलाई सफल पार्नका लागि स्वास्थ्य संस्थामा सुत्केरीहुने

महिलालाई गाउँपालिकाले प्रति सुत्केरी रु.२५००। का दरले नगद रकम प्रदान गर्दै आएको छ जसका कारण यस गाउँपालिकामा घरमा हुने सुत्केरीको दरमा गुणात्मक कमी आएको छ । आ.ब. ०७९/८० मा संस्थागत सुत्केरी प्रोत्साहन प्राप्त गर्नेहरुको बिवरण यस प्रकार रहेको छः-

| सि.नं. | स्वास्थ्य संस्थाको नाम | स्वास्थ्य संस्थामा सुत्केरी संख्या | प्रोत्साहन रकम दर | जम्मा खर्च रकम |
|---|---|---|---|---|
| १ | चिदीपानी स्वास्थ्य चौकी | ४३ | २५०० | १०७५०० |
| २ | रुप्से स्वास्थ्य चौकी | ३१ | २५०० | ७७५०० |
| ३ | कसेनी स्वास्थ्य चौकी | ५१ | २५०० | १२७५०० |
| ४ | झडेवा स्वास्थ्य चौकी | ४६ | २५०० | ११५००० |
| ५ | हात्तिलुङ सा स्वा ईकाइ | २६ | २५०० | ६५००० |
| ६ | गोठादी स्वास्थ्य चौकी | २५ | २५०० | ६२५०० |
| ७ | रहवास स्वास्थ्य चौकी | १८ | २५०० | ४५००० |
| ८ | बहादुरपुर स्वास्थ्य चौकी | १७ | २५०० | ४२५०० |
| | **जम्मा :** | २५७ | २५०० | ६४२५०० |

### ३) बि.पी. बिपन्न स्वास्थ्य बिमा कार्यक्रम :-

गाउँपालिका भित्रका आठै वटा वडाका अति बिपन्न परिवारलाई गाउँपालिका आफैले स्वास्थ्य बिमा गरी आर्थिक अवस्था कमजोर भएका नागरिकलाई आर्थिक अभावकै कारण स्वास्थ्य सेवाबाट बञ्चित हुन नपरोस भनि बि.पी. बिपन्न स्वास्थ्य बिमा कार्यक्रम संचालनमा गरेको छ ।जसका कारण आर्थिक अवस्था कमजोर भएका र स्वास्थ्यमा समस्या भएका बखत अस्पताल गई सेवा प्राप्त गर्न सहज भएको छ ।

### ४) घरघरमा स्वास्थ्यकर्मी कार्यक्रमः-

माथागढी गाउँपालिकाले गाउँपालिका भित्रका उमेर ढल्केका, सामान्य स्वास्थ्य समस्यालाई घरमै सहेर बस्ने, समयमा नै उपचारको खोजि नगरे समस्या थप बल्झिन सक्ने र उपचारमा थप समस्या र खर्चिलो हुने भएकोले नागरिकहरुलाई नियमित स्वास्थ्य परिक्षण गरी जेषठ नागरिक, अशक्त, अपाङ्गहरुमा हुने स्वास्थ्य समस्याहरुलाई समयमा नै पहिचान गरी ब्यवस्थापन गर्न जेष्ठ नागरिक घरदैलो स्वास्थ्य कार्यक्रम संचालन गरिएको छ । स्वास्थ्यकर्मीलाई घरमानै पठाई उनीहरुमा हुने सामान्य स्वास्थ्य समस्याहरु जस्तैः ब्लड प्रेसर, दम, जोर्नी दुख्ने, आँखा कम देख्ने, कान कम सुन्ने, दाँतको समस्या, छालाको समस्या, ब्यक्तिगत सरसफाई, असल खानपान सम्बन्धी ब्यावहार आदीलाई ब्यवस्थित गर्न र समस्यालाई समयमा नै पहिचान गरी ब्यवस्थापन गर्न यो कार्यक्रम उपलब्धिमूलक रहेको छ ।

## ५ स्वास्थ्य शिविर :

माथागढी गाउँपालिकाले नागरिकको समुदायमा नै स्वास्थ्य सेवा प्रदान गर्ने ध्येयका साथ स्वास्थ्य शिविरको आयोजना गरिएको थियो । स्वास्थ्य शिविर संचालनमा यस बर्षको शिविर आँखा परिक्षण गरी पत्ता लागेका मोतिबिन्दुका बिरामीहरुलाई शिविरमा नै अप्रेसन गर्ने गरि आयोजना गरिएको थियो । शिविर संचालन लागि नेपाल नेत्रज्योती संघ पाल्पा लायन्स लाकौल आँखा अस्पताल संग समन्वय गरि डा. सुचन पुनको नेतृत्वमा अप्रेसन शिविर संचालन गरिएको थियो । पहिलो चरणामा माथागढी वडा नं. ४, ५, ६, ७ र ८ का वडाहरुमा स्कृनिङ् गरि पत्ता लागेका मोतिबिन्दुका बिरामीहरुको मिति २०७९ पौष २२ गते श्री किसान मा.बि. झडेवामा ४१ जनाको अप्रेसन गरिएको थियो भने दोश्रो चरणमा माथागढी वडा नं.१ २ र ३ का वडाहरुमा स्कृनिङ् गरि पत्ता लागेका मोतिबिन्दुका बिरामीहरुको मिति २०७९ फागुन २२ गते श्री दिब्यज्योती मा.बि. कसेनीमा ३६ जना गरि जम्मा ७७ जनाको अप्रेसन गरिएको थियो ।

| वडा नं. | जम्मा बिरामी संख्या | मोतिबिन्दु देखिएका बिरामी संख्या | अप्रेसन गरेका बिरामी संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | ३०० | २७ | ११ | |
| २ | १८६ | १२ | १० | |
| ३ | ३१७ | २७ | १५ | |
| ४ | १७० | २२ | ११ | |
| ५ | ९१ | ४ | ११ | |
| ६ | ९५ | १४ | ५ | |
| ७ | ८४ | ८ | ७ | |
| ८ | ९३ | ११ | ७ | |
| **जम्मा** | **१०३६** | **१२८** | **७७** | |






## ६ प्रजनन् स्वास्थ्य रुग्णता र परिवार नियोजन शिविर कार्यक्रम

माथागढी गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थामा परिवार नियोजन सेवाको पाँचवटै अस्थायी साधनको उपलब्धता नियमित नभएकोले माथागढी गाउँपालिकाले सेवाग्राहीको माग बमोजिम स्वास्थ्यकर्मीको ब्यवस्था गरि ईम्प्लाण्ट र आई.यु.सि.डी. सेवा प्रदान गर्दै आएको छ ।त्यस्तै बिवाह भई सन्तान जन्माइसकेका महिलाहरुमा प्रजनन् स्वास्थ्य संग सम्बन्धित बिभिन्न प्रकारका स्वास्थ्य समस्या : पाठेघर खस्ने, सेतोपानी बग्ने, तल्लोपेट दुख्ने, आङ खस्ने, पाठेघरको मुखको क्यान्सर परीक्षणको लागि स्वास्थ्य कार्यालय पाल्पा र नेपाल परिवार नियोजन संघ पाल्पा संग समन्वय गरि परिक्षण शिविर संचालन गरिएको थियो । कार्यक्रममा स्वास्थ्य कार्यालय पाल्पा, नेपाल परिवार नियोजन संघ पाल्पा तथा लुम्बिनी मेडिकल कलेज संगको समन्वयमा कार्यक्रम सम्पन्न भएको थियो ।कार्यक्रममा बिषेशज्ञ चिकित्सकहरुको सहभागीता रहेको थियो । पहिलो चरणमा मिति २०७९ पौष २२ गते श्री किसान मा.बि. झडेवामा, २०७९ फागुन २ गते श्री दिब्यज्योती मा.बि. कसेनीमा आँखाको अप्रेसन शिविर संग जोडेर शिविर संचालन गरिएको थियो भने दोश्रो चरणमा स्वास्थ्य कार्यालय पाल्पा संग समन्वय गरि गोठादी स्वास्थ्य चौकीमा मिति २०७९/१२/२१ गते शिविर संचालन गरएको थियो जस अनुसारको प्रगती तपसिल बमोजिम रहेको छ :-

| शिविर संचालन भएको स्थान | कार्यक्रम संचालन भएको मिति | जम्मा सवाग्रही संख्या | VIA परिक्षण संख्या | पोजेटिभ संख्या | आङ खस्ने महिलाहरुको संख्या | STI with Treatment | IUCD सेवा लिने संख्या | Implant सेवालिने संख्या |
|---|---|---|---|---|---|---|---|---|
| श्री किसान मा.बि. झडेवा | २०७९/०९/२२ | १८५ | ७९ | १ | ६ | ५३ | ३ | २७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| श्री दिब्यज्योती मा.बि. सराई | २०७९/११/२२ | १६६ | १२६ | ४ | ४ | ६३ | ३ | २ |
| गोठादी स्वास्थ्य चौकी | २०७९/१२/२१ | २९९ | २२४ | १ | ६ | १२४ | १ | ११ |
| **जम्मा प्रगती संख्या** | | ६५० | ४२९ | ६ | १६ | २४० | ७ | ४० |




<u>७ पूर्णखोप वडा तथा पालिका घोषणा सुनिश्चतता कार्यक्रम :</u>

राष्टिय खोप कार्यक्रम एक सफल र लागत प्रभावकारी कार्यक्रमको रुपमा मानिन्छ । खोप कार्यक्रमलाई थप प्रभावकारी र पूर्ण खोपको सुनिश्चतताको लागि हरेक बर्ष ५ बर्ष मुनिका बालबालिकाहरुको घरधुरी सर्बेक्षण गरि सबै बालबालिकाले सबै मात्रा खोप लगाए/नलगाएको सुनिश्चत गरि वडा तथा पालिकालाई पूर्णखोप सुनिश्चित गरिन्छ । आ.ब. ०७९/८० मा पनि माघ र फागुनमा सबै वडाका स्वास्थ्य कर्मीहरुले घरघरमा गई बालबालिकाको खोपको स्थितीबारेमा सर्बेक्षण गरि वडा खोप समन्वय समितिले गाउँपालिकामा पेश गरेको र गाउँपालिकाबाट त्यसको अनुगमन गरि पूर्णखोप वडा सुनिश्चत गर्दै सबै वडाहरुको अनुगमन पश्चात जिल्ला खोप समन्वय समितिलाई पालिका पूर्ण खोप घोषणाको लागि अनुरोध गरिएकोमा मिति २०८० जेठको ११ गतेका दिन एक समारोहका बीचमा वडाहरुलाई गाउँपालिका अध्यक्ष श्री यम बहादुर चिदीले प्रमाण पत्र हस्तान्तरण गरी वडा घोषणा गर्नु भएको थियो भने गाउँपालिका पूर्ण खोप घोषणाको जिल्ला खोप समन्वय समितिका संयोजम तथा जिल्ला समन्वय अधिकारी श्री टंकनाथ खनालले प्रमाणपत्र प्रदान गरि घोषणा गर्नु भएको थियो । जस अनुसार तपसिलको प्रती रहेको छ :-

०-१५ महिनाको बालबालिका

| सि.नं. | वडा नं. | जम्मा बच्चा संख्या | खोप पाएका बच्चा संख्या | खोप छुट भएका बच्चा संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | १ | ६८ | ६८ | ० | |
| २ | २ | ४९ | ४९ | ० | |
| ३ | ३ | ८२ | ८२ | ० | |
| ४ | ४ | ४४ | ४४ | ० | |
| ५ | ५ | ३० | ३० | ० | |
| ६ | ६ | २९ | २९ | ० | |
| ७ | ७ | ३३ | ३३ | ० | |
| ८ | ८ | २५ | २५ | ० | |
| | **जम्मा** | ३६० | ३६० | ० | |

१६-२३ महिनाको बालबालिका

| सि.नं. | वडा नं. | जम्मा बच्चा संख्या | खोप पाएका बच्चा संख्या | खोप छुट भएका बच्चा संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | १ | ३६ | ३६ | ० | |
| २ | २ | ५६ | ५६ | ० | |
| ३ | ३ | ६१ | ६१ | ० | |
| ४ | ४ | ३० | ३० | ० | |
| ५ | ५ | २६ | २६ | ० | |
| ६ | ६ | २१ | २१ | ० | |

| | | | | |
|---|---|---|---|---|
| ७ | ७ | ११ | ११ | ० |
| ८ | ८ | १७ | १७ | ० |
| | जम्मा : | २५८ | २५८ | ० |







<u>८ सामुदायिक स्वास्थ्य ईकाइ स्थापना :</u>

माथागढी गाउँपालिकाले आ.ब. ०७९/८० मा माथागढी गाउँपालिकाको पाँच स्थानमा सामुदायिक स्वास्थ्य ईकाइ स्थापना गरेको छ । स्वास्थ्य सेवामा नागरिकको सहज पहुँच पुर्याउनको लागि स्वास्थ्य संस्थाबाट टाडा रहेको बस्तिमा क्लिनिक स्थापना गरिएको छ । क्लिनिक संचालनको लागि कर्मचारीको ब्यवस्थापन, फर्निचर, औजार तथा औषधीको ब्यवस्थापन गरी माथागढी वडा नं. १ चिदीपानीको धैरेनी, वडा नं. ३ कसेनीको शिकारकोट, वडा नं. ६ गोठादीको भुटुके, वडा नं. ७ रहवासको मटेरी र वडा नं. ८ बहादुरपुरको ताकातुङ्गमा सामुदायिक स्वास्थ्य ईकाइ स्थापना गरी सेवा प्रारम्भ गरिएको छ । हरेक स्वास्थ्य ईकाइमा एक जना अ.हे.ब. र एक जना अ.न.मी.को ब्यवस्था गरिएको छ ।











९ पूर्ण संस्थागत सुत्केरी वडा तथा पालिका घोषणा कार्यक्रम :-

मातृ तथा नवशिशु मृत्युदरमा कमी ल्याउन र मातृ तथा नवशिशु स्वास्थ्य सेवाको प्रबर्द्धन गर्न घरमा हुने सुत्केरीको दरलाई शुन्यमा पुर्याउन यो कार्यक्रम संचालन गरिएको छ ।यस कार्यक्रमको लागि माथागढी गाउँपिलका अन्तर्गतका स्वास्थ्य संस्थाहरुले आ.ब. ०७६/७७ देखि ०७९/८० को फागुन सम्मको सुत्केरीहरुको घरधुरी सर्बेक्षण गरी कम्तीमा ३ बर्ष देखिको घरमा सुत्केरी भएको वडाहरुलाई पूर्ण संस्थागत सुत्केरी वडा घोषणा गरिएको । सबै वडा पूर्ण संस्थागत सुत्केरी वडा घोषणा पश्चात गाउँपालिकालाई नै घोषणा गर्ने तयारीका साथ कार्यक्रम अगाढी बढाएकोमा आ.ब. ०७९/८० मा जम्मा ३ वटा वडा मात्र घोषणा गर्न सम्भब भएको छ । यस बर्ष माथागढी वडा नं. १ चिदीपानी, वडा नं. २ रुप्से र वडा नं. ३ कसेनीलाई पूर्ण सुस्थागत सुत्केरी वडा घोषणा गरीको छ ।सर्बेक्षण बमोजिम उक्त

वडाहरुले आफूले मापदण्ड पुरा गरेकोले घोषणा गरिदिनु हुन भनि गाउँपालिकालाई अनुरोध गरेकोमा गाउँपालिकाबाट सुपरिबेक्षण गर्दा मापदण्ड पुरा गरेकोले वडा स्तरीय सभा गरि गाउँपालिका अध्यक्षले प्रमाण पत्र प्रदान गरि अबका दिनमा घरमा सुत्केरी हुन नदिने प्रतिबद्धता सहित घोषणा सभा गरिएको थियो ।






### १० बहिरंग उपचार केन्द्र (ओ.टी.सी.) स्थापना :

नेपालमा पोषणको अवस्था अहिले सम्म पनि सुधार हुन नसकेको कारण बालबालिकामा हुने कडा शिघ्र कुपोषणको एकिकृत ब्यवस्थापनको लागि माथागढी ४ को झडेवा स्वास्थ्य चौकीमा बहिरंग उपचार केन्द्र (ओ.टि.सी.) स्थापना गरिएको छ । गाउँपालिका भित्रका बच्चाहरुको जन्मे देखि २३ महिना सम्म नियमित बृद्धि अनुगमन गरिने र त्यस अवसरमा देखिएका वा स्वास्थ्यकर्मीहरुले पत्ता लगाएका कडा शिघ्र कुपोषित बच्चाहरुलाई यस केन्द्रमा भर्ना गरि उपचार गरिने छ ।




## ११ जटिल प्रकारका बिरामी को उपचार सहयोगः

नेपाल सरकारले मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीहरुलाई औषधी उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यबिधी २०७८ बमोजिम यस गाउँपालिका भित्रका बिरामीहरुलाई रकम भुक्तानी गरेको छ । जस अनुसार आ.ब. ०७९/८० को पहिलो चौमिसकमा २४ जना, दोश्रो चौमासिकमा २९ जना र तेश्रो चौमासिकमा ३२ जनालाई मासिक रु.५०००। का दरले रकम भुक्तानी गरिएको छ ।

## १२ महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई सिम सहितको मोवाईल सेट बितरणः

स्वास्थ्य क्षेत्रको मुख्य खम्बाको रुपमा चिनिने र समुदाय स्तरमा रहेर नागरिकको स्वास्थ्य सेवामा अहोरात्र खटिने महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु नियमित पारिश्रमिक बिनै कार्यरत रहेका छन । दिन रात समुदायमा खटिने उनीहरु सेवाग्राही र स्वास्थ्य संस्थासंगको नियमित सम्पर्कमा रहनु पर्ने भएकोले उनीहरुलाई उत्प्रेरणा स्वरुप तथा उनीहरुमा हुने आर्थिक भारलाई कम गर्न मासिक रुपमा रु.२००। रिचार्ज गरिदै आएकोमा मोवाईलको सिम सहितको सेट बितरण गरिएको छ । महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको उत्प्रेणाको लागि स्वास्थ्य बिमामा लाग्ने प्रिमियम मध्येको ५०





<u>१३ बिभिन्न प्रकारका क्षमता अभिबृद्धी तालिमः</u>

स्वास्थ्यकर्मीहरुको क्षमता अभिबृद्धीका लागि गाउँपालिकाले बिभिन्न प्रकारका तालिमहरु आयोजना गरेको छ । स्वास्थ्यकर्मीहरुका लागि जस्तैः जनस्वास्थ्य प्रयोगशालामा कार्यरत कर्मचारीहरुका लागि रिफ्रेसर तालिम, संक्रमण निवारणा तालिम, रिपार्ट एनालाईसिस तालिम, कम्प्युटर रिफ्रेसर तालिम, DHIS2/HMIS तालिम, बर्थिङ्ग सेन्टरमा कार्यरत नर्सिङ्ग कर्मचारीहरुलाई ANC to PNC Continoun, Onsoite coaching, CBIMNCI Onsite Coaching, लगायतका बिभन्न प्रकारका तालिम, समीक्षा गोष्ठी, अभिमुखिकरण कार्यक्रम संचालन भएका छन भने स्वास्थ्य कार्यालय पाल्पा संगको समन्वयमा थप अन्य प्रकारका तालिमहरु संचालन गरी कर्मचारीको क्षमता अभिबृद्धीको कार्यक्रम संचालन गरसिएको छ ।

## अनुमानित लक्षित जनसंख्या

| | ०७७/७८ | ०७८/७९ | ०७९/८० |
|---|---|---|---|
| जम्मा वडा संख्या | ८ | ८ | ८ |
| जम्मा जनसंख्या | २३४७६ | २४०९९ | २४५५६ |
| १ बर्ष मुनिको जनसंख्या | ५२८ | ४४१ | ४४० |
| ५ बर्ष मुनिको जनसंख्या | २४७२ | २२०३ | २१९५ |
| अनुमानित जिवित जन्म संख्या | ५४४ | ४५१ | ४३८ |
| १५-४९ बर्षका विवाहित महिला | ५५६१ | ५६०४ | ५७३१ |
| अनुमानित गर्भवति संख्या | ६४२ | ५७५ | ५६२ |
| ६० वर्ष वा सो भन्दा माथिका जेष्ठ नागरिक संख्या | २३४७ | २४०९ | २४१४ |
| पूर्ण खोप घोषणा भएका वडा संख्या | ८ | ८ | ८ |
| खुला दिशामुक्त घोषणा भएका वडा संख्या | ८ | ८ | ८ |
| पूर्ण संस्थागत प्रसूती भएका वडा संख्या | १ | १ | ३ |

## न्यूनतम सेवा मापदण्डको अवस्था

| स्वास्थ्य संस्थाको नाम | HPMSS गरेको मिति | अन्तिम पटकको HPMSS स्कोर | | | |
|---|---|---|---|---|---|
| | | खण्ड १: सुशासन र व्यवस्थापन | खण्ड २: क्लिनिकल सेवा व्यवस्थापन | खण्ड ३: स्वास्थ्य संस्था सहयोग सेवा व्यवस्थापन | कुल प्राप्तांक |
| चिदीपानी स्वास्थ्य चौकी | 2080/02/08 | 90% | 90% | 83% | 88% |
| रुप्से स्वास्थ्य चौकी | 2080/02/14 | 92% | 91% | 77% | 87% |
| कसेनी स्वास्थ्य चौकी | 2080/02/19 | 68% | 81% | 63% | 77% |
| झडेवा स्वास्थ्य चौकी | 2079/12/19 | 55% | 69% | 32% | 52% |
| गोठादी स्वास्थ्य चौकी | 2079/12/16 | 63% | 77% | 44% | 61% |
| रहवास स्वास्थ्य चौकी | 2078/10/27 | 61% | 68% | 43% | 57% |
| वहादुरपुर स्वास्थ्य चौकी | - | - | - | - | - |
| | | | | | |

## खोप कार्यक्रम

| सुचकहरू | २०७७/०७८ | २०७८ /०७९ | २०७९/०८० | ± अवस्था |
|---|---|---|---|---|
| बि.सि.जी. कभरेज | ६० | ५९ | ३९ | - |
| डि.पि.टी.हेप.बि.हिब ३ कभरेज | ६५ | ६७ | ६७ | = |
| ओ.पि.भि.३ कभरेज | ६५ | ६७ | ६७ | = |
| पि.सि.भि. ३ कभरेज | ६५ | ६६ | ७१ | + |
| रोटा २ कभरेज | ६३ | ६७ | ७१ | + |
| एफ. आइ.पी.भि. १ कभरेज | ७१ | ७१ | ५८ | - |
| जे.ई. कभरेज | ७९ | ७५ | ७२ | - |
| दादुरा रूबेला २ कभरेज | ८१ | ७१ | ७२ | + |
| टि.डि. २ र २+ कभरेज | ४८ | ५७ | ५९ | + |
| पूर्ण खोप कभरेज | ८१ | ८१ | ७२ | - |
| डि.पी.टी–हेप बि १– दादुरा रूवेला दोस्रो बिचको ड्रपआउट दर | –५ | –२ | -४ | - |
| वि.सि.जि खोप र दादुरा रूवेला पहिलो खोप पहिलो बिचको ड्रपआउट दर | –२२ | –१२ | -८३ | - |

## खोपको तुलनात्मक तालिका



## पोषण कार्यक्रम

| सुचकहरू | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० | ± अवस्था |
|---|---|---|---|---|
| कम जन्म तौल भएका नवजात शिशुको प्रतिशत | 1.83 | 2.2 | 3 | - |
| नयाँ तौल लिएका १ वर्ष मुनिका शिशुहरुको प्रतिशत | 78 | 62 | 55 | - |
| नयाँ तौल लिएका १२ देखि २३ महिनाका शिशुहरुको प्रतिशत | 75 | 76 | 0.23 | + |
| जन्मेको ६ महिनासम्म स्तनपान गराएको बच्चाहरूको प्रतिशत | 62 | 44 | 58 | - |
| गर्भवती अवस्थामा १८० दिन आइरन चक्की प्राप्त गरेका गर्भवती महिलाहरुको प्रतिशत | 52 | 55 | 56 | + |
| सुत्केरी अवस्थामा भिटामिन ए प्राप्त गरेका महिलाहरुको प्रतिशत | 100 | 100 | 100 | = |
| बृदि अनुगमनमा २ वर्ष मुनीका शिशुहरूको औषत भेट | 8 | 9 | 20 | + |
| गम्भिर कुपोषित बच्चाको संख्या (NUMBEROF SAM CASES) | **1** | **0** | **8** | **+** |
| गम्भिर कुपोषित बच्चा निको भएको प्रतिशत (% of recovery rate of SAM cases) | **0** | **0** | **100** | **=** |
| ३ साइकल (१८० पिस) बालभिटा पाउने ६ देखि २३ महिनाको बालकालिकाहरूको प्रतिशत | **28** | **10** | **4** | **_** |
| पहिलो चरणमा भिटामिन ए को आम वितरणको कभरेज | **85** | **90** | **84** | **+** |
| दोस्रो चरणमा भिटामिन ए को आम वितरणको कभरेज | **83** | **86** | **86** | **+** |

## समुदायमा आधारित नवशिशु तथा बालरोगको एकिकृत ब्यवस्थापन कार्यक्रम

| सुचकहरू | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० | ± अवस्था |
|---|---|---|---|---|
| जन्मने वितिक्कै नाभी मलम लगाएका नवजात शिशुहरूको प्रतिशत | 100 | 100 | 100 | = |
| २ महिना मुनिका शिशुहरू मध्ये ब्याक्टेरियाको गम्भीर संक्रमण भएका शिशुहरूको प्रतिशत | 23 | 9.5 | 4 | + |
| ब्याक्टेरियाको गम्भीर संक्रमण भएका मध्ये जेन्टामाईसिन सुईद्वारा पूर्ण उपचार पाएकाको प्रतिशत | 0 | 0 | 0 | = |
| श्वासप्रश्वास बिरामी दर (प्रति हजार पाँच वर्षमुनिका बालबालिकाहरुमा) | 225 | 531 | 288 | + |
| निमोनिया बिरामीको दर (प्रति हजार पाँच वर्षमुनिका बालबालिकाहरुमा) | 11 | 63 | 118 | + |
| निमोनिया तथा कडा निमोनिया भएका बच्चा मध्ये एन्टीवायोटिकवाट उपचार गर्नेको प्रतिशत | 100 | 100 | 100 | = |
| झाडापखालाका बिरामी दर (प्रति हजार पाँच वर्ष मुनिका बालबालिकाहरु मा) | 102 | 149 | 104 | + |
| ५ वर्ष मुनिका झाडापखालाका बिरामी मध्ये जिंक र पुनर्जलीय झोलबाट उपचार पाएकाको प्रतिशत | 100 | 100 | 100 | = |
| जम्मा २ महिना मुनिका शिशुको जम्मा मृत्यु | 1 | 0 | 0 | + |
| जम्मा २-५९ महिना बालबालिकाको जम्मा मृत्यु | 1 | 0 | 0 | + |

## सुरक्षित मातृत्व कार्यक्रम

| सुचकहरू | २०७७/०७८ | २०७८ /०७९ | २०७९ /०८० | ± अवस्था |
|---|---|---|---|---|
| प्रोटोकल अनुसार पहिलो पटक गर्भवती जाँच गराएका गर्भवती महिलाहरूको प्रतिशत | 52 | 62 | 57 | |
| प्रोटोकल अनुसार ४ पटक गर्भवती जाँच गराउने महिलाहरुको प्रतिशत | 52 | 55 | 35 | |
| घरमा जिवित जन्म भएको नवजात शिशुको जम्मा संख्या | 13 | 8 | 0 | |
| घरमा मृत्यु भएका नवजात शिशुको जम्मा संख्या | 1 | 3 | 0 | कसेनी १, गोठादी १, हात्तिलुङ १ |
| संस्थागत प्रसुति दर | 20 | 21 | 21 | |
| दक्ष प्रसुतिकर्मीद्वारा प्रसुति भएको दर | 20 | 21 | 21 | |
| प्रोटोकल अनुसार ३ पटक सुत्केरी जाँच गराउने आमाहरुको प्रतिशत | 34 | 59 | 50 | |
| आकस्मिक जटिलता युक्त अवस्थाको व्यवस्थापन भएको प्रतिशत | 0 | 0 | 0 | |
| संस्थागत सुत्केरी मध्ये आमा सुरक्षा प्रोत्साहन भत्ता लिनेको प्रतिशत | 100 | 100 | 100 | |
| संस्थागत सुत्केरी मध्ये चारपटक गर्भ जाँच गराए वापतको प्रोत्साहन लिने को प्रतिशत | 95 | 99 | 86 | |
| सुरक्षित गर्भपतन गराउने महिलाहरूको प्रतिशत | 11 | 11 | 13 | |
| जम्मा मातृ मृत्यु संख्या | 0 | 0 | 0 | |
| जम्मा नवजात मृत्यु संख्या | 0 | 0 | 0 | |
| जम्मा मृत जन्म संख्या | 0 | 2 | 0 | |

## प्रजनन स्वास्थ्य रुग्णता सेवा

| प्रजनन स्वास्थ्य रुग्णता सेवाहरु | जांच गरेको संख्या | पहिचान भएको संख्या |
|---|---|---|
| पाठेघरको मुखको क्यान्सर जांच (सबै विधिबाट) | 651 | |
| पाठेघरको मुखको क्यान्सर जांच (VIA विधिबाट) | 651 | 2 |
| Fistula को जांच | | |
| आङ् खस्ने समस्याको जांच | | |

| आङ् खस्ने समस्या | महिलाको संख्या |
|---|---|
| Prolapse पत्ता लागेका (Stage 1 and 2) | 32 |
| Prolapse पत्ता लागेका (Stage 3) | - |
| Prolapse पत्ता लागेका (Stage 4) | - |
| Ring Pessary लगाएको | 32 |
| शल्यक्रिया गरेको | |

| पाठेघरको मुखको क्यान्सर र Obstetric fistula | महिलाको संख्या |
|---|---|
| Thermocoagulation र Cryotherapy गराएको | |
| Obstetric fistula को शल्यक्रिया गरेको | |

## परिवार योजना र सामुदायिक सेवा कार्यक्रम

| सुचकहरू | २०७७/०७८ | २०७८ /०७९ | २०७९/०८० | ± अवस्था |
|---|---|---|---|---|
| परिवार नियोजन सेवाका नयाँ सेवाग्राही दर (विवाहित प्रजनन उमेरका महिलाहरु मध्ये) | ६ | ६ | ९ | + |
| IUCD हाल प्रयोगकर्ता संख्या | ३३ | ३३ | २३ | - |
| Implant हाल प्रयोगकर्ता संख्या | २८९ | २८४ | २५१ | - |
| परिवार नियोजन प्रयोगकर्ता दर (अस्थाई मात्र) | १५ | २३ | १२ | - |
| जम्मा लगातार प्रयोगकर्ता ((अस्थाई साधन) | ८४९ | ८३२ | ६९३ | - |
| गाउँघर क्लिनिक संचालन प्रतिशत | ८१ | ९९ | १०० | + |
| प्रत्येक गाउँघर क्लिनिकबाट सेवा लिएका सेवाग्राहीको औसत संख्या | १३ | २० | २४ | + |
| खोप क्लिनिक संचालन प्रतिशत | १०० | १०० | १०० | = |
| खोप क्लिनिक सेवा लिएका सेवाग्राहीको औसत संख्या | १२ | १० | ९ | - |
| आमा समूहको बैठक संचालन प्रतिशत | ८८ | ९३ | १०० | + |
| महिला स्वास्थ्य स्वयं सेविकाले प्रति महिना प्रदान गरेको सेवाग्राहीको औसत संख्या | १९ | २२ | २६ | + |

## परिवार नियोजन कार्यक्रम



## रोग नियन्त्रण कार्यक्रम

| सुचकहरू | २०७७/०७८ | २०७८ /०७९ | २०७९/०८० | ± अवस्था |
|---|---|---|---|---|
| **औलो नियन्त्रण कार्यक्रम** | | | | |
| औलोको रक्त नमुना संकलन संख्या | 0 | 4 | 269 | + |
| औलोको स्लाइड नमुना पोजेटिभ दर | 0 | 0 | 0 | |
